# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाजमा पनि द्वन्द्व एक स्वाभाविक अवस्था हुनुका साथै यो एक निरन्तर चलिरहने प्रक्रिया हो । मानिसका अपेक्षा, चाहना र उद्देश्यहरूमा रहेका भिन्नता एवं साधनस्रोतको सीमितताका कारण समाज तथा सामाजिक अर्न्तसम्बन्धमा निरन्तर द्वन्द्वको सृजना भइरहेको  हुन्छ । विभिन्न जात, धर्म, लिङ्ग, क्षेत्र र राजनीतिक विचारधारा भएका मानिसहरूका फरक सोच आवश्यकता र चाहनाका कारण उनीहरूका बीचको सम्बन्धमा यसको उपस्थिति भएको हुन्छ ।

द्वन्द्व दुई वा दुईभन्दा वढि पक्षले एक आपसमा आफुलाई प्रतिपक्षको रुपमा सोचेको कुनै परिस्थिति हो । यसमा द्वन्द्वका सबै पक्षलाई समेटिएको छ । यो व्यक्ति समाज र संगठनमा सम्बद्ध मानिसहरुको धार्मिक, साँस्कृतिक, तथा राजनीतिक विचारधाराका बीचमा सृजना हुने प्रतिस्पर्धा हो (माथेमा र भट्टराई, २०६२) ।

द्वन्द्वमा सबै प्रकारका विरोध वा अर्न्तरक्रिया समावेश हुन्छन् । यो शक्ति, साधन वा सामाजिक स्थितिको अभाव तथा मुल्य संरचनाको भिन्नतामा आधारित हुन्छ  (शिवाकोटी, २०६८) द्वारा उदृत । द्वन्द्व सामाजिक जीवनको एक अपरिहार्य यथार्थ हो । जुन शक्ति र प्रभाव र भिन्नताबाट उब्जीएको हुन्छ ( सुवेदी र भट्टराई, २०६७) यसरी हेर्दा द्वन्द्व मूल्य, मान्यताबीचको लक्ष्य र उद्देश्यबीच हुने संघर्ष र असहमतिका रुपमा रहेको हुन्छ ।

द्वन्द्व समुहबीचको क्रियाकलाप र शक्ति एवं स्रोतमाथी नियन्त्रण गर्ने, प्राप्त गर्ने क्रममा उत्पन्न हुने देखिन्छ । विशेष गरी द्वन्द्व स्वार्थपुर्तिका लागी हुने र नहुने बीचको संघर्ष हो । यो सम्पुर्ण समाज, समुह, राजनीतिक प्रणली र अन्तर्राष्ट्रिय प्रणाली सबैमा विद्यमान हुन्छ । तर यसको स्वरुप र स्तरमा भने भिन्नता हुन्छ ( शिवाकोटी, २०६८) । समाज र संगठनमा द्वन्द्वलाई अपरिहार्य मानिन्छ । वर्तमान समयमा यसको अनुपस्थिति विना समाज र संगठनको विकास पनि निकै कठिन हुन्छ । द्वन्द्व विनाको समाज र सँगठन मृत हुनसक्दछ ( उप्रेति, २०६१) ।  विशेषतः द्वन्द्व समाज र संगठनमा रहेका अधिकार, स्रोत तथा साधनको असमान वितरण, असमान पहुँच, शक्तिको असमान प्रयोग, संकुचित विचार, असफल व्यवस्थापन र आकाक्षाको परिपुर्तिको अभावमा यसको सिर्जना हुन्छ (शर्मा, २०६५) । आदिम समाजको सुरुवात देखि नै द्वन्द्वको आवश्यकता पदै आएको पाईन्छ । यसको विकासमा

तीनवटा अवधारणा व्यवहारिक, नकारात्मक र प्रतिकारात्मक अवधारणाको विकास भएको पाईन्छ (पन्थ, २०६४) ।

द्वन्द्व सिद्धान्तका जन्मदाताका रुपमा कार्लमार्क्स चिनिन्छन् उनले प्रतिपादन गरेको द्वन्द्व सिद्धान्त जर्मन दार्शनिक हिगेलको सिद्धान्तमा आधारित छ  तर पनि मार्क्स र हिगेलको द्वन्द्व सिद्धान्तमा अत्यधिक फरक छ । यी दुबै सिद्धान्त एक आपसमा विपरित छन् । कार्ल माक्सले समाजलाई द्वन्द्वात्मक रुपमा व्यख्या गरे भौतिकवादको आधारमा द्वन्द्वात्मकवादलाई अगाडि सारे, वर्ग वा विचारवादको प्रतिपादन गरे भने हिगेलले मानव तथा सारा ब्रमाण्डको अस्तित्वनै विवेक नकरात्मक भएको हो भन्ने आधार राख्छन् । विवेक नहुने हो भने मानवको अस्तित्व खतरामा पर्छ । त्यसैले मानवको अस्तित्व र व्यक्तित्व दुवै सर्वव्यपक तथा विध्न आत्माको प्रतिविम्व हो भन्दै द्वन्द्ववारे आ-आफ्ना धारणा प्रष्ट गरेका छन सन १८१८ देखि द्वन्द्व सिद्धान्तको प्रतिपादन भएको पाइन्छ । जसरी व्यक्ति वा समूह सहयोग स्नेह, पारस्परिक सहायता र रुचीको सामनजस्यस्ता विना बाच्न सक्तैन त्यसै गरी समाजको संरचनामा द्वन्द्व अपरिहार्य छ द्वन्द्वले समाजका इकाइहरुलाई सक्रिय बनाउँछ (ढकाल, २०६३) ।

द्वन्द्व विशेष गरी युद्धको बाटो रोज्ने भएकाले यसलाई सबैले नकारात्मक रुपमा मात्र वुझने गरेको पाईन्छ । समाजमा द्वन्द्वले प्राथमिकता पाएमा अन्त्यमा यसले हिसात्मक रुप लिने प्रवल सम्भावना हून्छ । द्वन्द्व विशेष गरि सकारात्मक र नकारात्मक गरी दुई प्रकारबाट हुने गर्दछ । सकारात्मक द्वन्द्वले समाजमा विकासको बाटो अँगाल्छ भने नकारात्मक द्वन्द्वले समाज र संगठन दुवैमा हिसात्मक रुपलिदै विनासतर्फ उन्मुख गराउँछ । जसले सँगठनलाई हानी पुचाउँछ भन्ने कुराबाट व्यवस्थापक संकुचित देखिन्छन्  (माथेमा र भट्टराई, २०६२) ।

मानव समाज र संगठनमा द्वन्द्वले परापुर्वकालदेखि नै निरन्तरता दिदै आएको पाईन्छ । यसरी हेर्दा संगठनमा द्वन्द्व अवधारणा र विकास क्रमलाई परम्परागत अवधारणा १९३० र १९४० का बीचमा व्यवस्थापनको सिद्दान्तका रुपामा विकास भएको पाईन्छ भने मानवता सम्बन्धि दृष्टिकोणलाई १९४० देखि १९७० को अवधीका देखापरेको थियो । यस अवधारणा अनुसार सँगठनमा द्वन्द्वको उपस्थितिलाई स्वाभाविक र आवश्यक उपस्थितिका रुपमा स्विकार गरिएको छ भने अर्न्तरक्रियात्मक धारणा अनुसार द्वन्द्वलाई सँगठनमा आवश्यक मात्र होइन अनिवार्य मानिएको छ (खनाल २०६६) । व्यक्ति र समुहको प्रयत्नबाट संगठन संञ्चालन हुने भएकाले कार्यसम्पादनलाई प्रभावकारी बनाउँन सँगठनमा द्वन्द्वको आवश्यक हुन्छ भन्ने मान्यता यस अवधारणाले राखेको छ ।

आजको  युग विज्ञान तथा प्रविधिको युग हो । आजको मानव सभ्यता सुचना तथा सञ्चार प्रविधि प्रवाहको युगमा प्रवेश गरिसकेको छ । सुचना तथा सञ्चार प्रविधिले वृहत रुपमा आमसञ्चारको क्षेत्रहरु ओगटी सकेको छ । जसको कारण यसले विविध सूचनाहरु आदान प्रदान, सञ्चय, उत्पादन, प्रयोग र ज्ञान तथा सूचना प्रवाह गर्ने कार्यमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल बनेको छ । शिक्षा क्षेत्रमा यसको भूमिका व्यापक भइसकेको छ र आज सञ्चार प्रविधि शिक्षा विस्तारको साधनको रुपमा समेत स्थापित भइ व्यक्ति, समाज र राष्ट्र  विकासको अग्र गति प्रदान गर्न एक शसक्त माध्यमको रुपमा स्थापित छ ।

नेपालमा सूचना तथा सञ्चार प्रविधिले कुनै पनि संस्थाको उद्देश्य प्राप्त गर्न वा व्यवस्थित रुपमा कार्यव्यवस्थापन एवम् कार्यान्वयनमा अति महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यस प्रकार कुनै उद्देश्य पूर्तिका लागि एक व्यक्ति वा समूहबाट अर्को व्यक्ति वा समूहमा सूचना, विकास वा धारणा प्रसार गर्ने कला वा प्रक्रियालाई नै सञ्चार हो । यसरी प्रसार सूचना, प्राप्त गर्नेले बुझ्ने र प्रतिक्रिया व्यक्त गर्न सक्ने खालको हुनुपर्दछ । वर्तमान समय, सूचना तथा सञ्चार प्रविधिको कारण विश्वको कुनै ठाउँमा भएको ज्ञानको विष्फोटनबाट अनविज्ञ छैन । आज सूचना तथा सञ्चार प्रविधिको क्षणभरमा विश्वमा सूचनाहरु फैलाउन सफल बनेको छ । सूचना प्रविधिको विकासले गर्दा नै आज विश्व साँघुँरिदै गएर विश्वव्यापीकरणको रुपमा विकास हुदै गएको अवस्था  छ ।

संगठनमा द्वन्द्व व्यवस्थापन गर्नु व्यवस्थापकको प्रमुख भूमिका रहेको हुन्छ । त्यसकारण द्वन्द्व व्यवस्थमपन र दिगो शान्तिका लागी सवभन्दा महत्वपुर्ण कार्य द्वन्द्व व्यवस्थापन हो । यसका लागी सँगठनमा जनशक्ति स्रोतको काम गर्ने तरिका छनोट गर्नु  र यसलाई व्यवस्थित रुपमा प्रयोग गर्नुपर्दछ । यसका लागी द्वन्द्वरत पक्षसँग औपचारिक र अनौपचारिक  रुपमा आवश्यक छलफल संवादको माध्यमबाट उपयुक्त मागको सम्बोधन गरी, व्यवस्थापकले द्वन्द्व व्यवस्थापन गर्ने तर्फ अग्रसर हुनु पर्दछ । यसका लागि व्यवस्थापक तालिम प्राप्त  र कुशल हुनु आवश्यक  छ ।

अन्य संगठनमा जस्तै शैक्षिक संगठनमापनि आफ्नैकिसिमको संरचना निर्माण गरिएको  छ । जसलाई केन्द्रियस्तरमा शिक्षा मन्त्रालय ,क्षेत्रिय शिक्षा निर्देशनालय, (क्षेशिनि) जिल्ला शिक्षा कार्यालय, (जिशिका) स्रोतकेन्द्र र विद्यालय गरी पाँच तहमा शैक्षिक संगठनको संरचना निर्माण भएको देखिन्छ । यसमा पनि विद्यालय तहको पनि आफ्नै किसिमको

साँगठनिक संरचना हुन्छ । प्रधानाध्यापक, विद्यालयकको व्यवस्सथापकको रुपमा रहेका हुन्छन् भने शिक्षक कर्मचारी, विद्यार्थी अभिभावक र समाज आदि विद्यालय परिवारभित्र समेटिएका हुन्छन् । विद्यालयमा फरक फरक सामाजिक राजनीतिक र आर्थिक परिवेशका व्यक्तिहरु रहने भएकोले उनीहरुमा द्वन्द्व भईरहेको हुन्छ ।

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा गुणस्तरियता प्रदान गर्न, शैक्षिक उद्देश्य हासिल गर्ने दायित्व प्रधानाध्यापकको रहेको हुन्छ । विद्यालयको शैक्षिक वातावरण नियन्त्रण गर्न, शैक्षिक उपलब्धीलाई विकास गरी निरन्तरतत दिन तथा सरोकारवालाको उपयुक्त मागको सम्बोधन र व्यवस्थापन गर्न विद्यालय प्रशासकले उचित किसिमको वातावरण सिर्जना गर्नुपर्दछ । त्यसैको माध्यमबाट द्वन्द्वको समाधान गर्नुपर्दछ । विद्यालय संगठनमा द्वन्द्व अनेक कारणबाट हुन्छ । यसको व्यवस्थापनको लागी विद्यालयमा कार्यरत सबै शिक्षक कर्मचारी, विद्यार्थी र अभिभावकको उत्तिकै भूमिका रहको हुन्छ । विद्यालयमा हुनद्वन्द्वलाई विशेष गरी शिक्षक, र विद्यार्थीको आपसी सहमतिमा व्यवस्थापन गरिने भएता पनि यसमा प्रमुख भूमिका भने प्रधानाध्यापकको हुन्छ । यसकारण संगठनमा रचनात्मक द्वन्द्व सिर्जना गर्न विभिन्न कदमहरु चालिन्छन् तर अपेक्षित सीमाभन्दा माथिको द्वन्द्व विनासकारी हुने भएकोले यसको व्यवस्थापनको लागी अन्य प्रक्रियाको अवलम्वन गरिन्छ । द्वन्द्व व्यवस्थापनका दुवै दृष्टिकोणहरुको प्रयोग गरि उपयुक्त अवस्थमा पहिचान गरी व्यवस्थापन गर्ने तर्फ व्यवस्थापक सक्षम हुनुपर्ने देखिन्छ (थापा, २०६८) ।

द्वन्द्व व्यवस्थापन प्रक्रियामा सञ्चारको प्रमुख भूमिका रहेको हुन्छ । रचनात्मक एवं विध्वंशात्मक जस्तो भए पनि द्वन्द्व सृजना गर्न साथै व्यक्ति वा समूहहरू बीचको आपसी दुविधा र मतभिन्नतालाई स्पष्ट गरी सामूहिक प्रयत्नतर्फ अग्रसर गर्ने कार्य सञ्चारका माध्यमबाट मात्र सकिन्छ । (माथेमा र भट्टराई, २०६३ र पोखरेल, २०६३) । वास्तवमा द्वन्द्व समाधान गर्नका लागि द्वन्द्वरत पक्ष बीच औपचारिक र अनौपचारिक सञ्चार भई रहनु पर्दछ । प्रभावकारी सञ्चारका बारेमा संगठनको व्यवस्थापकलाई ज्ञान हुनु आवश्यक छ । आम सञ्चार अर्थात एकोहोरो सञ्चार प्रवाहित गर्ने माध्यमब र व्यक्तिगत सञ्चार अर्थात दोहोरो सञ्चारहरूको माध्यम प्रयोग गरेर व्यवस्थापकले द्वन्द्व व्यवस्थापनको प्रक्रिया अगाडि बढाउन पर्ने हुन्छ ।

शैक्षिक संगठन पनि अन्य संगठनहरू जस्तै संरचनागत रूपमा अगाडि बढेको हुन्छ । यसमा विभिन्न तहहरू हुन्छन् । यसमध्ये विद्यालय तहको पनि आफ्नै सांगठनिक संरचना

हुन्छ । प्रधानाध्यापक विद्यालयको व्यवस्थापनको रूपमा रहेका हुन्छन् भने शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र समाज, विद्यालय परिवारभित्र समेटिएका हुन्छन् । विद्यालयमा फरक फरक सामाजिक, आर्थिक, राजनीतिक परिवेशका व्यक्तिहरू रहने भएकोले उनीहरूमा द्वन्द्व भइरहेको हुन्छ । यो विद्यालय परिवारलाई व्यवस्थित गरेर अगाडि बढादै निर्धारित शैक्षिक उद्देश्यहरू हाँसिल गर्नुपर्ने दायित्व प्रधानाध्यापकमा रहेको हुन्छ । विद्यालयलाई, विद्यालय परिवारलाई र सम्पूर्ण शैक्षिक क्षेत्रलाई सहयोग पुऱ्याउन प्रधानाध्यापकले द्वन्द्वको उचित सिर्जना र समाधान गर्नुपर्दछ । विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनमा विद्यालय परिवारका सम्पूर्ण सदस्यहरूको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेका हुन्छ । विद्यार्थीहरू बीच द्वन्द्व भएको अवस्थामा शिक्षकले तथा विद्यार्थीले नै पनि द्वन्द्व व्यवस्थापन गर्नुपर्ने हुन्छ तर प्रमुख भूमिका भने प्रधानाध्यापकको हुन्छ । "शैक्षिक प्रशासकको लागि द्वन्द्व व्यवस्थापनको मुद्दा अत्यन्तै महत्वपूर्ण मुद्दा हो किनभने द्वन्द्व समाधानका लागि चालिने पाइलाहरूले संगठनात्मक व्यवहारको ढाँचा परिवर्तनका लागि महत्वपूर्ण शक्तिका रूपमा रहेका हुन्छन्" (सानुसी, २००९:१) ।

विद्यालयको शैक्षिक प्रशासक वा व्यवस्थापकको रूपमा रहने प्रधानाध्यापकका लागि र अन्य द्वन्द्व व्यवस्थापनकर्ताको लागि द्वन्द्व व्यवस्थापनको मुख्य कडी प्रभावकारी सञ्चार नै रहेको हुन्छ । द्वन्द्व व्यवस्थापनका लागि प्रभावकारी सञ्चार अर्थात सूचनाहरूको आदानप्रदान, सुनाइ, बोलाइ, बुझाइ, सवेगात्मक नियन्त्रण आदिको उचित ज्ञान र प्रयोगको क्षमता व्यवस्थापकमा हुनुपर्दछ । यसमा सञ्चारको उचित प्रयोग भएन भने द्वन्द्वले विध्वंशात्मक रूप लिन्छ । तसर्थ, विद्यालयमा द्वन्द्व व्यवस्थापकले विद्यालय परिवार भित्र देखा पर्ने द्वन्द्व व्यवस्थापनका लागि कसरी प्रभावकारी सञ्चारको साथ लिइरहेको हुन्छ, द्वन्द्व व्यवस्थापनमा उसका लागि कस्तो प्रकारको सञ्चार आवश्यक छ तथा सञ्चारलाई व्यवस्थित गर्न सकिएन भने द्वन्द्वले विद्यालयमा कस्तो असर पार्दछ ? भन्ने पक्षमा आधारित भएर विद्यालय द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिकालाई मात्र यो अध्ययन हेरिएको छ ।

## १.२ समस्याको कथन

कुनै पनि विषयको अध्ययन गर्दा अध्ययनकर्ताले बृहत्तर क्षेत्रको छनोट गरेर त्यसको सानो क्षेत्र तर उपयुक्त र स्तरिय अनुसन्धान समस्याको छनोट गर्नुपर्दछ । शिक्षा क्षेत्रका सम्पुर्ण समस्याहरुलाई अध्ययन अनुसन्धान गर्ने सम्भव हुदेन । तसर्थ अनुसन्धानकर्ताले

आफ्नो उद्धेश्य अनुरुपको समस्यालाई मात्र लिनुपर्दछ । (निउरे, २०६८ ) सूचना तथा सञ्चार प्रविधिलाई संघ-संस्थाको विकासको मेरुदण्डको रुपमा लिने गरिन्छ । सूचना तथा सञ्चारको अभावमा हरेक संघ संस्थाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य हासिल गर्न सक्दैन । वर्तमान शैक्षिक क्षेत्रमा विश्वमा प्रतिपादन भएको ज्ञान, तथा सिद्धान्तहरुलाई प्रयोग गर्न सूचना तथा सञ्चार प्रविधिको अपरिहार्यता छ । आजको युग सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology)को युग हो । जसको विकास तथा प्रयोग स्वरुप मानव जीवन सरल र सहज भएको छ । शिक्षा क्षेत्रमा सुचना तथा सञ्चार प्रविधिको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । वर्तमान विद्यालय शिक्षामा समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गर्नका निमित्त विश्वमा भएको परिवर्तित ज्ञानहरुलाई विद्यालय शिक्षाको प्रयोगमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । निजी विद्यालय शिक्षामा कम्प्युटर शिक्षाको सुरुवात भएको छ भने शहर केन्द्रित सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षाको थालनी गरिएतापनि विकट तथा दुर्गम क्षेत्रका सामुदायिक विद्यालयमा अझसम्म पनि कम्प्युटर शिक्षाको थालनी भएको पाइँदैन । सूचना तथा सञ्चार प्रविधिमा कम्प्युटरको भूमिका महत्वपूर्ण रहेको हुन्छ । विद्यालय शिक्षामा कम्प्युटर शिक्षाको प्रयोग भने सकेमा मात्र सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षाको पहुँचमा पुऱ्याउन सकिन्छ । आजको वैज्ञानिक युगमा पनि विभिन्न ठाउँमा भएको ज्ञानको विष्फोटनहरुलाई दुर्गम तथा पिछडिएका क्षेत्रका विद्यालय शिक्षामा पुऱ्याउन नसक्नु मुख्य समस्या रहेको छ ।

विद्यालय शिक्षामा गुणस्तर अभिबृद्धि गर्नको निम्ति आर्थिक , भौतिक , शैक्षिक र मानविय संसाधन जस्ता पक्षहरुलाई विशेष किसिमले ध्यान दिनु जरुरी छ । सामुदायिक विद्यालयमा सुचनाको सहि अभिलेख राख्न सकिएन भने सुचना प्रविधिको अभावमा नयाँ नयाँ शिक्षण विधि, शैक्षिक सामग्री र मुल्याङ्कन पद्धतिको जानकारी नहुनु , शैक्षिक योजनहरु र शैक्षिक संगठनहरु व्यवस्थित नहुनु, विभिन्न योजना तथा कायक्रमहरु बिच तालमेल नहुनु , भौगोलिक विषमताले गर्दा सुचना र सञ्चारको अभाव , शैक्षिक योजना तर्जुमा , कार्यान्वयन र अनुगमनमा बाधा पर्नु जस्ता मुख्य समस्याहरु रहेका छन् । परम्परागत शिक्षण विधिको सट्टामा नवीन तथा परिवर्तनात्मक विधिको प्रयोग गरी सिकाइमा सहजीकरण गरी सौहार्दपूर्ण वातावरणमा सहज र सुलभ सिकाइ गरी गुणस्तरीय जीवन यापनमा टेवा पुऱ्याउन शिक्षण सिकाइलाई सुचना तथा सञ्चार प्रविधि को

महत्वपूर्ण भूमिका हुन्छ । वर्तमान समयमा विद्यालयमा उत्पन्न हुने द्वन्द्व व्यवस्थापनमा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका खेल्न नसकिरहेको अवस्थामा त्यसलाई प्रभावकारी रूपले सशक्त रूपमा अगाडि बढाउन यो शीर्षक समस्यामूलक रहेको छ ।

आर्थिक तथा भौतिक पूर्वाधारको दृष्टिकोणले पछिपरेका नेपाल जस्ता अन्य विकासशील मुलुकहरुका साथै विद्यालय शिक्षामा सुचना तथा सञ्चार प्रविधिको सहज पहुँच पुऱ्याउन नसक्नु मुख्य समस्या रहेको छ । यस्ता समस्याहरुलाई समाधानका विभिन्न के-कस्ता मार्ग पहिचान गर्न सकिन्छ भन्ने उद्देश्य राखेर आवश्यक मार्गहरु पहिचानको निम्ति यो अध्ययन संचालन गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अनुसन्धान कर्ताले अनुसन्धान पुरा गरे पश्चात के आशा गरेको छ भने कुरासँग यसको औचित्य सम्बन्धित हुन्छ । अनुसन्धानकर्ताले छनोट गरेको विषय र सो बाट प्राप्त ज्ञानले सम्बद्ध पक्षलाई फाईदा पुग्नुका साथै नया ज्ञान प्रतिपादन गर्ने , प्रारम्भिक समयको अनुसन्धानमा प्राप्त निष्कर्ष र बर्तमान यथार्थ बीचको रिक्ततालाई पुरा गर्ने तथा अपुर्ण कामलाई पूरा गर्न अनुसन्धानको औचित्य रहेको हुन्छ ( निउरे, २०६८ ) ।

विद्यालयमा वैचारिक वा सैद्दान्तिक रुपमा व्यक्ति व्यक्तिकाबीचमा सामाजिक, आार्थिक, राजनैतिक, लैङ्गिक भाषिक र जातिगत रुपमा विद्यालयमा द्वन्द्वको अवस्था चर्कोरुपमा हुने गरेकोले विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गरी गुणस्तर विकास गर्न के कस्ता प्रक्रियाहरु अपनाउँन सकिन्छ  भन्ने लागेर यो अनुसन्धान गरेको छु । यो सोधकार्यले माध्यमिक विद्यालयमा द्वन्द्व व्यवस्थापनमा सबै पक्षको आपसी सहयोग र समन्वय हुन सकेमा विद्यालयको शैक्षिक वातावरणमा सुधार गर्न सहयोग पुग्ने आशा लिएको छु ।

विज्ञान र प्रविधि विषयको अध्ययनका लागि विगतका दिनका तुलनामा थुप्रै अवसरहरु थपिएका भए पनि तिनको पहुँच सबैसम्म पुग्न सकेको छैन । विज्ञान र प्रविधि अध्ययनका लागि खोलिएका संस्थाहरु विषेश गरि शहर केन्द्रित भुभागमा छन । यस किसिमका अध्ययनका अवसरहरु जुटाउनका लागि न त जनशक्ति नै उपलब्ध देखिन्छन् न त अन्य पुर्वाधारको व्यवस्था छ । त्यसैले विज्ञान तथा प्रविधिसँग सम्बन्धित विषयहरुको अध्ययनका लागि युवाहरुले शहरसम्म धाउन बाध्यता देखिन्छ । यस अर्थमा विज्ञान र प्रविधिको अध्ययनमा सबैको पहुँच पुग्न नसकेको अवस्था छ । यसका अलवा आर्थिक रुपले

अन्य विषयको तुलनामा केही मँहगो विज्ञान तथा प्रविधि विषयको अध्ययन आज सर्वसुलभ बन्न सकेको छैन । यस अवस्थामा विद्यालय तह देखी नै विज्ञान तथा सुचना प्रविधिको अध्यापन गरि उक्त समस्या समाधानका निम्ति आवश्यक पथ प्रदर्शन गर्ने हुँदा यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

विद्यालयको व्यवस्थापनमा आर्थिक भौतिक तथा मानवीय संसाधनको जति महत्व छ त्यति नै व्यवस्थापनमा सुचना प्रविधिको महत्व बढ्दै गएको पाइन्छ । संगठनका लागि मानिस, पैसा, मेसिन, सामग्री, बजार र सुचना तथा सञ्चार प्रविधि महत्वपूर्ण विषय हुन् । सुचना तथा सञ्चार प्रविधिको प्रयोगलाई संगठनमा शक्तिको रुपमा लिने गरिन्छ । सुचना विना कुनै पनि संगठनको योजना निमाण गर्न , अनुगमन तथा मुल्याङ्कन गर्न, नीति नियमको परिवर्तन गर्न र संगठनको विकास एवं विस्तार गर्न सकिदैन । व्यवस्थापनका धेरै कार्या सुचना तथा प्रविधिको प्रयोगसँग सम्बन्धित हुन्छन् । सांगठनिक व्यवस्थापनमा व्यवस्थित सुचना प्रणालीको माध्यमबाट संगठनको दैनिक प्रसाशनिक काम कार्वाहीमा चुस्तता आई संगठनको योजना तथा नीति निर्माण लगायत अन्य कार्यमा समेत गुणात्मक सुधार आउछ । सुचना तथा सञ्चार प्रविधिको प्रयोगले सिङ्गो संगठनको सफलता र असफलतामा निर्णायक भूमिका खेल्न सक्छ । संगठनमा सुचना व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिएको खण्डमा कुनै पनि व्यवस्थापकले आफ्नो संस्थालाई सुदृढ, चुस्त, गतिशिल तथा सफल बनाउन सक्दछ ।

सुचना तथा सञ्चार प्रविधि को पहुँचलाई हरेक कक्षाकोठामा पुऱ्याउनको लागि विद्युत आपूर्ति आवश्यक संख्यामा कम्प्युटर, प्रोजक्टर, प्रिन्टर, नेटवर्किङ्ग, आदि जस्ता उपकरणहरुको सुविधासम्पन्न कम्प्युटर ल्याव प्रत्येक सामुदायिक विद्यालयको पहुँचमा पुऱ्याउन सकिएको छैन । विद्यालयीय पाठ्यक्रममा सूचना प्रविधि सम्बन्धी विषयवस्तुको समायोजन भएको पाइँदैन । आजको भूमण्डलीकरण, विश्वव्यापीकरणको अवधारणालाई व्यापक, विस्तार र विकासमा आजको विकासशील राष्ट्र अभ्यासरत रहेको अवस्था छ । यस्तो अवस्थामा विकासशील राष्ट्रहरुले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज पहुँचमा पुऱ्याउन सक्ने उपायहरुको खोजी गर्ने हुँदा यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्धेश्यहरु

निम्न उद्देश्यमा आधारित भएर यो अध्ययन गरिएको थियो ।

१. विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनको अवस्था पहिचान गर्नु ,

२. विद्यालयमा द्वन्द्व व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरु खोजि गर्नु ।

३ विद्यालयको द्वन्द्व व्यवस्थापनका लागि सञ्चारको भूमिकाको विश्लेषण गर्नु

४. विद्यालयमा द्वन्द्व व्यवस्थापनका उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

यो अध्ययनका लागी निम्नानुसारका अनुसन्धानात्मकप्रश्नहरु छन्

१. विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका कस्तो हुन्छ ?

२. सुचना तथा सञ्चार प्रविधिको व्यवस्थापन के कसरी गर्नुपर्ला ?

३. विद्यालय शिक्षामा सुचना तथा सञ्चार प्रविधिको के कस्ता साधनहरु प्रयोग भइरहेको अवस्था छ ?

४. विद्यालय शिक्षा र सञ्चार प्रविधि बिच के कस्तो सम्बन्ध रहेको छ ?

५. सुचना तथा सञ्चार प्रविधिले विद्यालय शिक्षामा कस्तो प्रभाव पारेको छ ? ती प्रविधिलाई कसरी व्यवस्थित गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

यस अध्ययन कम समय, स्रोत साधन र अनुसन्धानकर्ताको एक्लो प्रयासले पुरा गरिएको हुनाले श्री शान्ति माध्यमिक विद्यालय तेल्लोक, तामाफोक गाउँ विकास समिति वडा नं. ३ र श्री सिंहेश्वरी माध्यमिक विद्यालय मुढे, तामाफोक गाउँ विकास समिति वडा नं. ८ गरी दुईवटा विद्यालयहरूलाई मात्र समावेश गरी यो अध्ययन गरिएको छ । तसर्थ यस खोजको परिणामले देशभरका विद्यालयहरूको प्रतिनिधित्व गर्न सक्दैन ।

जुन सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक र भौगोलिक वातावरणमा यो अध्ययन गरिदैछ यस्तै वातावरण र परिवेश अन्य क्षेत्रमा हुन सक्दैन । तसर्थ अध्ययनको प्राप्तिलाई सबै ठाउँमा सामान्यीकरण गर्न नसकिने हुन सक्दछ । यो अध्ययनमा विद्यालय भित्र हुने गरेका द्वन्द्वहरू प्रधानाध्यापक-शिक्षक, शिक्षक-शिक्षक, शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी, अभिभावक-विद्यालय प्रअ र विव्यस अध्यक्ष बीच हुने द्वन्द्वभित्र सीमित रहेर द्वन्द्वका कारण, द्वन्द्व व्यवस्थापनमा सञ्चारले खेलेको भूमिका र समाधान खोज्ने विषयलाई उद्देश्यसँग सम्बन्धित रहेर गरिएको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान गर्ने लागिएको विषयमा यस अगाडी कुनै व्यक्ति सघ सस्थाबाट सम्वन्धित सोध अध्ययन भएको छ वा छैन ? यदि सम्वन्धित विषयमा अनुसन्धान भएको भए उक्त अध्ययनले जानकारीमा ल्याएका तथ्यहरु के के छन् भन्ने कुरा आवश्यक हुन्छ ।तसर्थ सम्वन्धित लेख रचना आदिको पुनरावलोकन गरिन्छ । यसबाट शोधकर्तालाई विषयवस्तु र समस्याको वारेमा थाहा पाउँन सहयोग पुग्दछ । माद्यमिक विद्यालयमा द्वन्द्व व्यवस्थापन शीर्षकमा नेपाली समाजमा खासै अनुसन्धान नभएको हुदा त्यस सम्बन्धि लेख रचना र नेपाली र विश्व परिवेशमा भएका अध्ययन अनुसन्धानबाट प्राप्त सुचनालाई निम्नानुसार उल्लेख गरिएको छ ।

संस्थागत माद्यमिक विद्यालयमहरुमा उत्पनन हुनद्वन्द्वका प्रमुख कारण व्यक्तित्वमा फरकपना, सामाजिक तथा साँस्कृतिक मुल्यमान्यता, उपलब्ध स्रोत साधनको सीमित रुपमा प्रयोग र विद्यालयमा विद्यार्थी विद्यार्थीबीचमा हुने लैङ्गिक विभेद तथा विद्यालयमा शिक्षकको शिक्षण गर्न तरिकामा, शैक्षिक सामाग्रीको कम प्रयोग, प्रधानाध्यापकको प्रशासनिक कम्जोरी, विद्यालयमा पुस्कार र दण्ड प्रणलीको कार्यान्वयनमा अभाव तथा व्यक्तिको आर्थिक अवस्थमा भिन्नता र सामाजिक र राजनीतिक हस्तक्षेप जस्ता तत्वहरुले गर्दा विद्यालयमा द्वन्द्व भएको देखिन्छ (चन्द, २०६३) ।

विरोध विरोधका लागी नभई विरोध सुधारका लागि हुनुपर्दछ । यसका लागि विद्यालयमा सबै शिक्षक कर्मचारीका बीचमा आपसी छलफल प्रतिक्रिया, अर्न्तरक्रिया, सेमिनार, गोष्ठी सञ्चालन गरिनु आवश्यक छ । द्वन्द्व वा विरोधलाई बढाउनु भन्दा पनि घटाउनु उपयुक्त देखिन्छ । यसकारण शिक्षक तथा कर्मचारीहरुबीचको आपसी मतभिन्नता हटाई उनीहरुबीचमा समन्वय, सहयोगी र सीधा सम्पर्क गरी विद्यालयमा उत्पन्न हुने विरोधलाई घटाउन सकिन्छ (कोइराला र श्रेष्ठ, २०६८) ।

विद्यालयको स्थापना एवं स्विकृति पाउन स्थानीयनिकाय र सरकार बीचमा पनि आपसी रुपमा द्वन्द्व हुने गरेको देखिन्छ । विद्यालयमा शिक्षक दरबन्दी कम भएको अवस्थामा दरबन्दी प्राप्त गर्ने प्रक्रियामा दुवै पक्षका बीचमा तनाव उत्पन्न भएको देखिन्छ । यसका

साथै विद्यालयमा द्वन्द्वको वातावरण सम्बन्धि तालिम र विदा सन्दर्भमा भएको कुरा पनि उल्लेख गरिएको छ । विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न शिक्षक र अभिभावक तथा समुदायबीचमा विद्यालयका साझा कार्यक्रम सामुहिक सहयोग र समन्वय गर्ने सकेमा विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुन सक्दैन । जसले गर्दा विद्यालयमा द्वन्द्व व्यवस्सथापन गर्न सजिलो हुन्छ (थापा, २०६९ ) ।

विद्यालयमा द्वन्द्व सिर्जना सामाजिक आर्थिक र राजनीतिक कारणबाट भएको देखिन्छ । समाजको फरक फरक संरचना र समाजमा बसोबास गर्ने मानिसहरुको पारिवारिक आर्थिक अवस्था र मानिसहरुको फरक राजनिति,जातिगत र भाषागत विचारको कारणले गर्दा व्यक्ति-व्यक्ति बीचमा अर्न्तविरोध सिर्जना हुने र यसको प्रत्यक्ष प्रभाव विद्यालयमा समेत पर्ने गरेको देखिन्छ । विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न विद्यालयलाई राजनितिबाट पुर्णरुपमा अलग गरिनु पर्ने पर्दछ (भट्ट,२०६८) ।

द्वन्द्व समाज र संगठनको अभिन्न क्रियाकलाप भएको हुदा समाज रहदासम्म द्वन्द्व कायम रहन्छ । तर द्वन्द्वको स्वरुप भने एकनासको रहदैन । सामाजिक संरचना, मुल्यमान्यता र नागरिकको व्यवहार परिस्थिति र चालचलनले द्वन्द्वको प्रकृतिमा असर पारेको दखिन्छ । यसकारण द्वन्द्व भनेको सिर्जनात्मक र विध्वांसात्मक बीचको सिधा अन्तर हो ( शिवाकोटी,२०६८) ।

यसबाट के स्पस्ट हुन्छ भने द्वन्द्व समाज र संगठनको विकास र विस्तारको निम्ति भएको देखिन्छ । जबसम्म समाजको संरचना रहन्छ तबसम्म द्वन्द्व समाज र संगठनमा चलिरहन्छ द्वन्द्वले समाजको संरचनामा फेरबदल ल्याउनुका साथै परिवर्तन पनि गर्दछ । द्वन्द्व परिवर्तनशील हुन्छ सधै एकनासको हुदैन । तसर्थ समाजको सामाजिक संरचना अनुसार द्वन्द्व विकास भएको देखिन्छ । समग्रमा विद्यालयमा हुने द्वन्द्वलाई विद्यालयमा कार्यरत शिक्षक विद्यार्थी, अभिभावक तथा समुदायको आपसी सहयोग र समन्वयका आधारमा व्यवस्थापन गरिनु पर्दछ ।

सरकारी कर्मचारीले माथिल्लो तहमा बढुवा हुनका लागी आवश्यक पर्ने योग्यता हासिल गर्न दुइओटा उपाय अपनाउन सक्छन् । एउटा विश्वविद्यालयबाट योग्यता हासिल गर्ने र अर्को भारतबाट नक्कली प्रमाण पत्र बनाईत्यसैको आधारबाट बढुवा हुने यसकारणले गर्दा कर्मचारीहरुबीचमा अन्तर्द्वन्द्व सिर्जना भएको दखिन्छ । जसले गर्दा विद्यालय तथा अन्य सरकारी कार्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको छ (गोरखापत्र, २०६७ ) ।

सशस्त्र द्वन्द्वले गर्दा मादयमिक विद्यालयमा अध्ययनरत बालबालिकाको जीवनमा प्रत्यक्ष प्रभाव पर्ने भएकोले उनीहरुको वाल्यकाललाई व्यतीत गर्न, उत्पेरणा प्रदान गर्नु आवश्यक छ । त्यसैले विद्यालयलाई द्वन्द्वरहित तथा शान्ति क्षेत्र घोषणा गरिनु पर्ने उल्लेख गरिएको छ । न कि विद्यालयभित्र कुनै पनि शिक्षक तथा कर्मचारीले त्रास, भय र आसंका गर्न नपरोस तव मात्र विद्यालयको शैक्षिक गुणस्तरमा वृद्दि गर्न सकिन्छ (मिश्र, २०६७) ।

द्वन्द्वको उचित व्यवस्थापनमा विद्यालय प्रशासनले आफुभन्दा माथिल्लो निकायहरु, प्रशिक्षकहरु, तथा प्रशिक्षार्थीहरु सम्पुर्ण पक्षको सहभागिता गराउनु पर्ने हुदा यो एक्लो कार्यक्र नभएको उल्लेख गरिएको छ । यसमा द्वन्द्व व्यवस्थापन गर्न व्यवस्थापकले योजना निर्माण गरि विद्यालयमा आवश्यक पर्ने शैक्षिक सामाग्रीको निर्माण प्रयोग तथा सेवा र सुविधाका सम्पुर्ण कुराहरुको व्यवस्थापनमा सबै  पक्षलाई समेटन सकेमा आपसी समन्वयका आधारमा द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ (के.सी., २०६४) ।

द्वन्द्व व्यवस्थापन गर्दा विद्यालयले व्यवस्थापन सम्वन्धि प्रशिक्षकबाट तालिम लिनुपर्दछ । साथै विद्यालयमा सबै लाई द्वन्द्व व्यवस्थापन सम्बन्धि तालिम तथा गोष्ठीमा सहभागि गराउँनु पर्दछ । जसले विद्यालयमा आवश्यक पर्ने सम्पुर्ण सामाग्रीको व्यवस्था पनि गरि शिक्षणको लागी शान्त वातावरण निर्माण गनै सकेमा  विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवासुविधामा खुसी पार्न सकेमा विद्यालयमा द्वन्द्व व्यवस्थपान गर्न सजिलो हुन्छ ।

माध्यमिक विद्यालयको व्यवस्थापन भित्र विविध कुराहरु : जस्तै विद्यालय व्यवस्थापनका पक्षहरु, विद्यालय प्रशासनका पक्षहरु, शैक्षिक तथा आर्थिक पक्षहरु तथा यसका व्यवहारिक पक्षलाई समेटन सकेमा मादयमिक विद्यालयमा सबै पक्षको व्यवस्थापन उचित तरिकाले हुने देखिन्छ । विद्यालयममा शैक्षिक व्यवस्थापन गर्न विद्यालयका सबै शिक्षक तथा कर्मचारीमा भएका आपसी अन्तरद्वन्द्वलाई मानवीय सम्बन्धका आधारमा व्यवस्थापन गरिनु पर्दछ । जसले गर्दा विद्यालयमा आएका समस्यालाई समयमै समाधान गर्न सकिने दखिन्छ भने विद्यालयको शैक्षिक गुणस्तर पनि वृद्दि गर्न सकिन्छ (श्रेष्ठ, २०५८) ।

विद्यालयमा राजनीतिक दलको नकारात्मक प्रभावले गर्दा द्वन्द्व बढि भन्दा बढि हुन्छ । यसकारण नीति निर्माणको केन्द्रिकरण, प्रधानाध्पाकबाट अधिकारको गलत प्रयोग, विद्यालयमा उपलब्धी न्युन, छात्रवृत्ति वितरणमा अनियमितता, विद्यालय व्यवस्थापन

समितिको गठनमा हुने अनियमितता, शिक्षक नियुक्तिमा हुने पक्षपातपुर्ण व्यवहार तथा सरकारी विद्यालयमा पनि लिइने शुल्क आदिले गर्दा विद्यालयमा द्वन्द्व हुने गरेको छ (भण्डारी, २०६६) ।

समग्र हेर्दा विद्यालयमा द्वन्द्व हुने प्रशस्त कारणहरु छन् । त्यस्ता कारणहरु राजनीतिक आर्थिक तथा सामाजिक पनि हुन । यिनीहरुको सहि रुपमा विद्यालयमा प्रयोग गरिनु आवश्यक छ । केवल व्यक्तिगत स्वार्थका लागी यी कारणलाई हेरियो भने विद्यलयमा द्वन्द्वको अवस्थामा वृद्धि हुन्छ । यसकारण विद्यालयको हितको लागी यी सबै कारणको प्रयोग महत्वपुर्ण छ । तसर्थ विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र सरोकारवाला पक्षबीचमा आपसी अन्तरविरोधलाई सम्बोधन गदै मानवीयसम्बन्धका आधारमा द्वन्द्व समाधान गर्नुआवश्यक  देखिन्छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

विद्यालयहरुमा हुने द्वन्द्व र यसको सामाधानका लागि संचालन गरिने कार्यक्रम र प्रभावकारिता सम्वन्धि यस अध्ययनमा उपलब्ध जानकारी एवं तथ्यलाई विश्लेषण गर्न कार्लमार्क्सद्वारा प्रतिपादित अन्तरविरोधको सिद्धान्त र मेरी पोर्कर फोलेटद्वारा प्रतिपादित मानवसम्बन्ध सिद्धान्तको वैचारिक खाकाको प्रयोग गरिएको छ ।

कार्लमाक्स (१८१८) का आनुसार समाजमा असंख्य अन्तर विरोधहरु छन् ती अर्न्तविरोधहरु सबै हानिकारक हुदैनन ्। अन्तर विरोध सकरात्मक र नकरात्मक दुबै किसिमको हुन सक्छ । एउटै वर्गमा हुने अन्तर विरोधलाई  मित्रतापुर्ण र अर्को वर्गमा हुने विरोधलाई सत्रुतापुर्ण विरोध भनिन्छ । मित्रतापुर्ण अन्तर विरोध वा द्वन्द्वले आपसी वादविवाद, छलफल, अन्तरक्रिया, आलोचना, आत्मआलोचना, समीक्षा आदि प्रक्रिया द्धारा समस्याको सामधान गर्न सकिन्छ । सत्रुतापुर्ण अन्तरविरोध वा द्वन्द्वले आपसी वैभव, शंका, इर्ष्या, डाहा, अपराध, झै-झगडा, विद्रोह, कलह र तनावको सृजना गर्दछ ।

विद्यालयमा हुने द्वन्द्वको व्वस्थापनको प्रभावकारी कार्यान्वयनको लागि समाजमा भएका विभिन्न वर्गहरू जस्तो महिला, आदिवासी, गरीब, सिमान्तकृत, लोपोन्मुख, सडक बालबालिका, साङ्ग, अपाङ्ग, भौगोलिक रुपबाट कठीन परिस्थितिको सामना गरिरहेका समाजहरु बीच हुने सकारात्मक द्वन्द्वलाई मित्रतापूर्ण द्वन्द्वको रुपमा लिन सकिन्छ । मानिस जब जन्मन्छ तब उसलाई न्युनतम नैसर्गिक अधिकार सँग सँगै प्राप्त हुनुपर्दछ । तर उसले प्राप्त गर्नु पर्ने अधिकार विभिन्न बहानामा धर्मका आडमा बञ्चित गरिन्छ । अपाङ्ग हुनु

गरिवी हुनु पूर्व जन्मको पाप हो भनिन्छ र पापीलाई थुनेर राख्नु पर्छ भनेर कोठामा थुनेर राखिन्छ । अपाङ्गहरुले साङ्गहरु भन्दा बढी काम गरेको उदाहरणलाई लिइदैन यसले गर्दा पनि द्वन्द्वको अवस्था बढेको देखिन्छ ।

विद्यालय बाल मैत्री अपाङ्ग मैत्री, हुन सकेका छैनन् अपाङ्गता भएका बालबालिकाहरु पढ्ने अनुकूल अवस्था विद्यालयमा सृजना हुन सकेको छैन विपन्नताका कारणले हलिया , कमैयाका छोराछोरीहरु विद्यालय उमेरमा विद्यालय जानुको सट्टा भरिया, होटलमा बालश्रम, गरिरहेका छन । दुर्गम क्षेत्रहरुमा विद्यालयले पढ्ने चेतना फैलाउन नसकेकाले भेडा तथा चौरी गोठालोको रुपमा बाल बालिकाहरु जीवन व्यतित गरिरहेका छन । अझै पनि महिला जनजाती गरीब पिछडिएको वर्ग अपाङ्गहरुलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छैन । छोरीहरुलाई पढाउनु हुदैन भन्ने छाप अन्तर कुन्तरमा लुकेर रहेको पाइन्छ । गरीबले अर्काकोमा काम गरेर खानुपर्छ दलितले बाबु बाजेको पेसा अगाल्नु पर्छ भन्नाले सामन्त वर्गले मात्र शिक्षा प्राप्त गर्नुपर्छ भन्नाले समाजमा चरम द्वन्द्वको अवस्था छ । यी तमाम अन्तर विरोधकहरु (द्वन्द्वलाई) सकारात्मक द्वन्द्वका धारबाट समाजमा परिवर्तन ल्याउन सकिन्छ भन्ने बिचार प्रसिद्ध दार्शनिक कार्लमार्क्सले ल्याएका छन । अपाङ्ग गरीब महिला हुनु प्राकृतिक कारण हो यसलाई सकारात्मक विभेदीकरणको माध्यमबाट लक्षित समुहमा विशेष अवसरहरु सिर्जना गरेर समतामूलक र लोकतान्त्रिक समाज निर्माण गरेर द्वन्द्वलाई न्यूनीकरण गर्न सकिन्छ (भट्ट,२०६०) ।

मेरी पोर्कर फोलेटका अनुसार संगठनमा काम गर्ने व्यक्तिहरु बीच राम्रो सम्बन्ध छ भने काम राम्रो, छिटो र स्तरीय हुन्छ । सम्बन्ध राम्रो नभए काम राम्रो हुदैन । विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन सम्बन्धि अध्ययन गर्दा विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिका, अभिभावक, व्यवस्थापन समिति, कर्मचारी, विद्यार्थीहरु बीचको सम्बन्ध सुमधुर छ भने यसको कार्यान्वयन प्रभावकारी हुन्छ, थोरै हल्का द्वन्द्व भएता पनि त्यसको तत्काल व्यवस्थापन गर्न सकिन्छ । सबै बीच राम्रो सम्बन्ध छैन भने द्वन्द्व बढेर गएको हुन्छ र व्यवस्थापन गर्न कठिनाई हुन्छ ।

मानव सम्बन्धको सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापक र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्ति पनि व्यवस्थापनको एक अंग हो । समुह सञ्चालन नेतृत्व, उत्प्रेरणा, सञ्चार सहभागिता , अवसर बढुवा व्यक्तित्व जस्ता मानवीय व्यवहारले व्यवस्थापनलाई सहि दिशा बोध गराउछ । विद्यालयमा गरिने हरेक

कार्यहरुमा सम्बन्धित सबै व्यक्तिहरु भेला भई एक आपसमा विचार विमर्श गरी सर्वसहमतिबाट निणर्य भएका कुराहरु लागु गरेर लैजादा द्वन्द्व हुदैन । विद्यार्थीहरु विभिन्न संस्कार, र पृष्ठभूमिबाट आएका हुन्छन । शिक्षकले शिक्षण गर्दा सबैलाई समान व्यवहार विद्यार्थीको मनोविज्ञान पत्ता लगाएर कमजोरीहरु पत्ता लगाएर अगाडी बढेको खण्डमा उत्प्रेरणा बढेर जान्छ र द्वन्द्व हुदैन ।

फोलेटले मानव सम्बन्ध सिद्धान्तको उल्लेख गर्दै भनेकी छन मानव सम्बन्धको विकास गर्ने प्रक्रियालाई अय(ordination by divect contact) भनेर नामाकरण गरेका छन। विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्ने कुरा संवेदनशील भएकाले विद्यालयमा फरक फरक खालका बालबालिकाहरुलाई एउटै कोठामा ल्याएर शिक्षण गरेको खण्डमा द्वन्द्व हुदैन भन्ने निष्कर्ष छ । यसमा व्यवस्थापन पक्षले विद्यार्थी, शिक्षक कर्मचारीलाई सोझै सम्पर्क गरी सञ्चालित शिक्षण प्रक्रियाबाट भएका राम्रा पक्षहरुलाई निरन्तरता दिन सहयोग गर्न र कमजोरीहरुलाई व्यवस्थापकीय रणकौशलबाट तुरुन्त निवारण गर्नुपर्दछ । यसरी व्यवस्थापन पक्षले शिक्षक विद्यार्थी र अन्य सम्बद्ध पक्षलाई समेटन सकेन भने त्यस्तो अवस्थामा विद्यालयमा द्वन्द्व व्यवस्थापन हुन सक्तैन । सबै पक्षसँग समन्वय , छलफल विचारको आदान प्रदान गरेर अगाडी बढेको खण्डमा विद्यालयमा प्रधानाध्यापकले द्वन्द्व व्यवस्थापन गर्न सक्छ । शैक्षिक संस्थामा साधन श्रोत प्रक्रिया र वातावरण बीच पारस्परिक सुमधुर सम्बन्ध कायम राख्न समन्वयात्मक कार्य निरन्तर भई रहनु पर्दछ । विद्यालयमा आवश्यक पर्ने स्रोत साधन कसरी कहाँबाट जुटाउने भन्ने कुरामा एक आपसमा छलफल र समन्वय भइरहनु पर्दछ । विद्यालयको वातावरण सिकाइ अनुकूल विद्यार्थी मैत्री बनाउन प्रधानाध्यापक र सरोकारवाला सबै सम्बद्ध पक्षबीच निरन्तर समन्वय भइरहनु पर्दछ ।

## २.३ पुनरावलोकनको उपादेयता

संगठनका लागी द्वन्द्व स्वाभाविक प्रक्रिया हो । विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई सबै पक्षको आपसी सहयोग र समन्वयमा व्यवस्थापन गरिनु आवश्यक छ । जसले विद्यालयको शिक्षण सिकाइमा गुणस्तर विकास गराउँछ । विद्यालयमा हुने द्वन्द्वलाई समयमै पहिचान गरी व्यवस्थापन गर्न सकियो भने विद्यालयको संगठनात्मक विकासमा पनि सहयोग पुग्दछ । विद्यालयमा हुने द्वन्द्व र यसको अवस्था तथा विद्यालयमा द्वन्द्व सिर्जना हुने कारणहरुको उपयुक्त तरिकाले व्यवस्थापन गर्न सकिन्छ भन्ने मान्यता अनुसार यो

अध्ययनमा पनि यी विषयवस्तुसँग सम्बन्धित सिद्दान्त एवं साहित्यको पुनरावलोकन गरिएको छ ।

यो अध्ययन गर्दा विद्यालयमा कार्यरत शिक्षक विद्यार्थी विद्यालय व्यवस्थापन समिति तथा अभिभावकमा द्वन्द्व हुने गरेको पाइयो । विद्यालयमा यी सरोकारवाला पक्षहरुका बीचमा हुने द्वन्द्वले विद्यालयमा सकारात्मक र नकारात्मक प्रभाव पार्ने भएकोले सबैको आपसी सहयोग, समन्वय, छलफल र संवादको माध्यमबाट द्वन्द्वरत पक्षसँग सहकार्य गरी उनीहरुको आवश्यकता र समस्यालाई विद्यालय प्रशासनको प्रत्यक्ष सहभागितामा व्यवस्थापन गर्ने गरको कारण विद्यालयको शैक्षिक गुणस्तरमा पनि सुधार भएको पाइयो । विद्यालयमा सिर्जना भएका द्वन्द्वहरु विशेष गरी सेवा सुविधा, मान सम्मान तथा व्यक्तिगत स्वार्थका कारणबाट हुने गरेकोले विद्यालयमा यस्ता समस्यालाई व्यक्तिगत रुपमा व्यवस्थापन गर्ने गरेको पाइयो । द्वन्द्व व्यवस्थापन गर्दा आधुनिक र प्रजातान्त्रिक पद्दति अनुसार संवाद छलफल र सुचनाको प्रयोग गरी व्यवस्थापन गर्ने गरिएको छ । यी पक्षहरुलाई केलाउन कार्ल मार्क्सको अन्तरविरोधको सिद्दान्त र मेरी पोर्कर फोलेटको मानवसम्बन्धको सिद्दान्तलाई विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनसँग जोडेर हेर्न खोजिएको छ । यो अनुसन्धान अगाडी बढाउन शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवाला सबैमा अन्तरविरोध र मानव सम्बन्धलाई केलाउन सहयोग गरेको छ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

अध्ययन अनुसन्धान कार्यलाई सम्पन्न गर्नका निमित्त योजना निर्माण अपरिहार्य छ। निश्चित योजनाअनुसार अगाडि बढाइएको अध्ययन अनुसन्धान कार्यको उद्देश्य प्राप्त गर्न सहज हुन्छ। त्यस्तै गरी राखिएको उद्देश्य प्राप्तिमा निश्चित समय तथा स्रोतको बावजुद अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याउन अनुसन्धान ढाँचाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा एक अवधारणसँग सम्बन्धित वनावट को संरचना हो। जसको आधारमा अनुसन्धान सम्पन्न गरिन्छ। यो तथ्याङ्क सङ्कलन, मापन र विश्लेषण गर्ने पद्दतिको योजना एवम् खाका हो ( खनाल, २०६८)। यो अध्ययन कार्यलाई सम्पन्न गर्नको लागी गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिने छ। गुणात्मक विधी भन्नाले अवस्था घटना र समस्याको व्यवस्थापकाको रुप्मा अध्ययन गरि सुचना र तथ्याङ्क सङ्कलन गरिने विधि हो (निउरे,२०६८)। यस अध्ययनको उद्देश्य सामुदायिक माद्यमिक विद्यालयमा द्वन्द्व व्यवस्थापनको अवस्था पहिचान गर्ने, माद्यमिक विद्यालयमा द्वन्द्वका स्रोतहरु पत्ता लगाउने, र माद्यमिक विद्यालयको कक्षाकोठामा द्वन्द्व व्यवस्थापन र सिकाइबीचको सम्बन्ध पत्ता लगाउने साथै विद्यालयमा द्वन्द्व व्यवस्थापनका समस्या र समाधानका उपायहरु निकाल्ने भएकोले यिनीहरुको तथ्याङ्कको स्वरुप सङ्ख्यात्मक नभएर शाब्दिक हुन्छ। यसको निष्कर्षलाई परिमाणात्मक मानमा रुपान्तरण गर्न भने सकिदैन। गुणात्मक अनुसन्धान ढाँचाद्वारा विषयवस्तुलाई गहिरिएर अध्ययन गरिने तथा सम्बन्धित व्यक्ति, अवस्था, घटनासँग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सुचनाले यथार्थ नतिजा दिने भएकोले यो अध्ययनको लागी गुणात्मक ढाँचाको प्रयोग गरिएको छ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनोट

यसै सिलसिलामा यस अध्ययनमा उद्देश्यपूर्ण नमूना छनौटका आधारमा संखुवासभा जिल्ला तामाफोक गाउँ विकास समितिमा अवस्थित २ वटा माद्यमिक विद्यालयहरू श्री

शान्ति माद्यमिक विद्यालय, तामाफेक गा.वि.स. वड नं. ३ र तामाफोक गाउँ विकास समिति वडा नं. ८ स्थीत श्री सिंहेस्वरी माद्यमिक विद्यालय तामाफोक गा.वि.स. वडा नं. ८ मुढेलाई मात्र समावेश गरी यो अध्ययन तयार गरिएको छ । तेल्लोकका पुराना स्थानीय बासिन्दा नेवारहरू र मुढेका शेर्पाहरू भएता पनि नेपालको एकीकरण पछिको कालखण्डमा क्षेत्री-बाहुनहरूको पनि पुरानै बस्तीहरू रहेका र क्षेत्री, बाहुन, याक्खा, शेर्पा राई विभिन्न जातिको प्रतिनिधित्व यहाँ छ । यी दुई सामुदायिक विद्यालयहरूमा विशेषतः मिश्रित सामाजिक, आर्थिक, भाषिक, राजनीतिक प्रकृतिका शिक्षक तथा विद्यार्थीको उपस्थिति रहने भएकाले नमूना छनौटमा पारिएको छ । यी दुई विद्यालयका प्रधानाध्यापक जम्मा -२ प्रत्येक विद्यालयका शिक्षकहरू महिला-१ र पुरूष १ गरी जम्मा ४ शिक्षक, प्रत्येक विद्यालयका ५ छात्र र छात्रा समान सहभागिता हुने गरी जम्मा १० जना विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष २ लाई अध्ययनका लागि छनौटमा पारिएको थियो । नमूना जनसंख्याको नामावली अनुसूची १ मा समावेश छ ।

**तालिका १ जनसङ्ख्याको आकार**

| क.सं. | शीर्षक | | |
|---|---|---|---|
| | नमुना समुह | नमुना आकार | छनौट तरिका |
| १ | विद्यालय | २ | उद्देश्यमूलक |
| २ | विद्यालयका प्रअ | १ | उद्देश्यमूलक |
| ३ | विव्यस अध्यक्ष | १ | उद्देश्यमूलक |
| ४ | . शिक्षक | २ | सामान्य सम्भावनायुक्त |
| ५ | विद्यार्थी | २ | सामान्य सम्भावनायुक्त |
| ६ | अभिभावक | २ | सामान्य सम्भावनायुक्त |

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

यस अध्ययनलाई प्राथमिक सुचना सङ्कलन गर्न अवलोकन, अन्तर्वार्ता, प्रश्नावली जस्ता साधनको प्रयोग गरिएको छ । साथै द्वितीय सुचना सङ्कलन गर्ने सामग्री अध्ययनका साधनलाई उपयोग गरिएको छ । जसको चर्चा निम्नानुसार गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता

गुणात्मक अनुसन्धानको महत्वपुर्ण साधन अर्न्तवार्ता पनि हो । अन्तर्वार्ता कुनै विशिष्ट विषयमा एक वा एकभन्दा व्यक्तिहरुबीचमा हुने उद्धेश्यपुर्ण छलफल विधि हो ( खनाल,२०६७) । गुणात्मक अनुसन्धानमा अन्तर्वातालाई सबैभन्दा राम्रो प्रविधि मानिन्छ । अन्तर्वार्ता गुणात्मक अनुसन्धान कार्यको अर्को महत्वपूर्ण साधन हो । यस अध्ययनमा अध्ययनकर्ताले विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरु आइपरेका समस्याहरु पहिचान गर्नका निमित्त विद्यालयका प्रअ,शिक्षक र विव्यसका अध्यक्षसँग अन्तर्वार्ता फारामको प्रयोग गरी अन्तर्वार्ता सम्पन्न गरिएको छ । जसलाई अनसुची १,२ र ३ मा राखिएको छ ।

### ३.३.२ अवलोकन फारम

गुणात्मक अनुसन्धानको महत्वपूर्ण विधिमध्ये अवलोकन एक हो । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र व्यवस्थापन सम्बन्धी विविध पक्षहरु जसमा शैक्षिक, आर्थिक, भौतिक र मानवीय संसाधन आदि पक्षको अध्ययन गर्नका लागि अवलोकन फारमको प्रयोग गरिएकोछ । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र व्यवस्थपनमा जिशिकाबाट प्रदान गरिने बजेट, स्रोतकेन्द्रबाट प्रदान गरिने तालिम, विद्यालयको आयव्यय, विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा व्यवस्थापन, शैक्षिक उपलब्धि, शिक्षक संख्या, शिक्षक तालिमको अवस्था, शैक्षिक सामग्री लगायत विद्यालयको भौतिक साधनको व्यवस्थापन अवलोकन फारमको प्रयोग गरी अवलोकन गरिएको छ ।

### ३.३.३ छलफल

दुई वा दुई भन्दा बढि व्यक्तिहरुसँग सम्बन्धित विषयवस्तुका वारेमा कुराकानी गर्नु छलफल हो । यो पनि गुणात्मक अनुसन्धानको एक महत्वपुर्ण विधि हो । छनोटमा परेका २ वटा विद्यायका प्रअ, शिक्षक, विव्यसका अध्यक्ष, र विद्यार्थीहरुसँग समुहमा बसी छलफल गरी विद्यालयमा द्वन्द्वको अवस्था पत्ता लगाउने प्रयास गरिएको थियो । यस अध्ययन सम्पन्न गर्नका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, शिक्षक, स्रोत व्यक्ति र विद्यालय निरीक्षकसँग विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगमा प्रभाव पार्ने तत्व,

आइपरेका समस्या तथा समाधानका उपायका बारेमा छलफल गरिएको छ । यसलाई अनुसूचीहरुमा राखिएको छ ।

### ३.३.४ दस्तावेज पुनरावलोकन

विद्यालयमा भएका दस्तावेजहरु विद्यालयका विगत र वर्तमान प्रगति दर्शाउने सबैभन्दा महत्वपुर्ण साधनहरु हुन् । यसले विद्यालय र विद्यार्थीको यथार्थ चित्रण गर्दछ । अध्ययनको क्रममा सम्बन्धित विद्यालयका अभिलेखहरु शिक्षक बैठक,निर्णय पुस्तिका,तथ्याङ्कहरु विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय पुस्तिका, विद्यालयका नियमहरु, तालिम अभिलेख, विद्यालयमा शिक्षक विद्यार्थी तथा समुदाय बीचमा देखिने द्वन्द्वलाई व्यवस्थापन गर्न सम्वन्धित विद्यालयले बनाएका नीति नियमहरुको पुनरावलोकन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरु

यस अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्नको लागि निम्नलिखित स्रोतहरु अवलम्बन गरिएको छ ।

### ३.४.१ प्राथामिक स्रोत

अनुसन्धानकर्ता प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रमा उपस्थित भई आफ्नै निगरानीमा संकलित सुचना तथा तथ्याङ्कहरु प्राथामिक स्रोतबाट संकलित तथ्याङ्क गरिने भएकोले अध्ययनलाई बढि वैद्य र विश्वसनिय वनाउन सहयोग गर्दछ । यस अध्ययनमा सुचना सङ्कलनका साधनहरु अन्तर्वार्ता अनुसुचि, स्थलगत अवलोकनको सहयताले प्राथामिक स्रोतका रुपमा छनोटमा परेका विद्यालयका प्रअ शिक्षक, विद्यार्थी, र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट तथ्याङ्कहरु संकलित गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोतको रुपमा समस्या सम्बन्धी विभिन्न अभिलेखहरु, विद्यालयका प्रतिवेदनहरु, व्यवस्थापन समितिको वैठक पुस्तिकाका आधारमा सम्बन्धित विद्यालयका विभिन्न अभिलेखहरुबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याक सङ्कलनका लागी सर्वप्रथम सम्वन्धित विद्यालयका प्रअ र शिक्षकसँग भेटी आफ्नो अनुसन्धानको लागी अनुमति लिई विद्यालयको शैक्षिक वातावरणको अवलोकन गरिएको थियो । विद्यालयमा प्रअ र शिक्षक, शिक्षक -शिक्षक तथा शिक्षक र विद्यार्थी तथा सरोकारवाला पक्षबीचमा हुने द्वन्द्वको अवस्था, विद्यालयमा द्वन्द्व हुने कारणाहरु आदिको वारेमा अवलोकन गरिएको थियो । विद्यालयका प्रअ शिक्षक, शिक्षिका विद्यार्थी अभिभावक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग भेटी अन्तर्वार्ता लिनुका साथै उनीहरुका बीचमा हुने राम्रो नराम्रो व्यवहारको अवलोकन गरिएको थियो । यसरी सुचना सङ्कलन गर्दा सरोकारवालाहरुलाई अध्ययनको उद्देश्य प्रस्ट पारी निर्माण गरिएका साधनहरुको सहायताले तथ्याङ्क सङ्कलन गरी तथ्यांकको प्रस्तुति , व्याख्या र विश्लेषण गरिएको थियो ।

प्राथामिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएका तथ्यांकहरुबाट निकालिएका प्राप्तिहरुलाई विभिन्न शीर्षक तथा उपशीर्षक अन्तरगत क्रमबद्ध रुपमा संगठित तथा विश्लेषण गरियो । तत् पश्चात प्राप्तिहरुलाई पूर्वसाहित्यको अध्ययन र सिद्धान्तसँग जोडेर विश्लेषण गरिएको छ । उक्त तथ्यांकहरु गुणात्मक भएकोले व्याख्यात्मक प्रक्रियाबाट सुचनाको प्रस्तुतीकरण गरी अर्थ निकाल्ने प्रयास गरिको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययन, अनुसन्धानबाट सङ्कलन गरिएका तथ्यांकहरुलाई राखिएका उद्देश्य प्राप्तिका लागि तालिकीकरण, व्याख्या तथा तुलना गरी विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी तथ्याङ्कको विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण

यस परिच्छेदमा नमुना छनोटमा परेका माद्यमिक विद्यालयमा द्वन्द्वको अवस्था, द्वन्द्व उत्पन्न हुने कारणहरु, द्वन्द्वले शिक्षण सिकाइमा पारेको प्रभाव र द्वन्द्व व्यवस्थापन गर्ने प्रक्रियाको अध्ययनका वारेमा विश्लेषण गरिएको छ । माद्यमिक विद्यालयमा शैक्षिक गुणस्तर विकासको निम्ति विद्यालयमा उत्पन्न हुने द्वन्द्व व्यवस्थापन कसरी गर्ने गरिएको छ भन्ने वारेमा स्थलगत अध्ययन र छलफलका क्रममा आएका सुचना, प्रतिक्रिया , अवलोकन, अन्तर्वार्ताबाट प्राप्त सुचना र तथ्यलाई अध्ययनको उद्वेश्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

औपचारिक शिक्षा प्राप्त गर्ने प्रमुख माध्यम विद्यालय हो । विद्यालय शिक्षा सही र गुणस्तरीय भएमा मात्र समाज र राष्ट्रका लागि उन्नत र दक्षशक्ति निर्माण हुन्छन् । विद्यालय सामाजिक संस्था भएकोले समाजका विभिन्न वर्ग, जाति, धर्म, लिङ्ग तथा समूहको प्रतिबिम्बन विद्यालय सम्म आइपुगेको हुन्छ । त्यस्तै, विद्यालयमा विभिन्न समुदाय, संस्कृति, वर्गबाट फरक मुल्य र मान्यता बोकेका बालबालिकाहरू ज्ञान-सीप सिक्नु र व्यवहारमा परिवर्तन गराउने उद्देश्यका साथ आएका हुन्छन् । तर शिक्षक एवं विद्यार्थीहरू विभिन्न फरक सामाजिक, आर्थिक र शैक्षिक परिवेशबाट आ-आफ्नै उद्देश्य र चाहना बोकेर विद्यालयमा जमघट हुने भएको यस्ता विभिन्न परिवेशका व्यक्तिहरूका कारणले विभिन्न समस्याहरू देखा पर्ने गर्दछन् । स्वभाविक रूपले विचार, कार्य, उद्देश्य आदि विभिन्न पक्षमा हुने विविधताले नै द्वन्द्व हुने गर्दछ । त्यसैले विद्यालयमा कुनै न कुनै रूपमा द्वन्द्व भइरहेको हुन्छ । त्यसलाई न्यूनीकरण गर्दै द्वन्द्वलाई व्यस्थित गर्नुपर्ने र शिक्षणलाई प्रभावकारी बनाई बालबालिकाको सर्वाङ्गीण विकास गराउने शिक्षाको बाटो प्रशस्त गर्ने कार्य विद्यालयले गर्नुपर्दछ ।

यो परिच्छेदमा विभिन्न शीर्षक अन्तर्गत तथ्याङकको प्रस्तुतीकरण तथा प्राप्तिको विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालयमा द्वन्द्व व्यवस्थापनको अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिका साधनहरुको व्यवस्थापन गर्नका निमित्त विद्यालयहरुले विद्यार्थीहरुसँग शुल्क, सरोकारवालासँग सहयोग रकम, संघसंस्थासँग आर्थिक अनुदान सहयोग तथा चन्दा सङ्कलन गरी सूचना प्रविधिका साधन व्यवस्थापनमा जोड दिँदै आएको छ। भने जिल्ला शिक्षा कार्यालयले सूचना प्रविधिका साधन व्यवस्थापनमा सहयोग पुऱ्याउन, विद्यालयको जोड कोष निर्माण गरी कम्प्युटर खरिदमा सहयोग पुऱ्याउँदै आएको पाइन्छ। भने स्रोतकेन्द्र मार्फत कम्प्युटर शिक्षा थालनी भएका विद्यालयमा कम्प्युटर शिक्षकहरुलाई विभिन्न तालिम, गोष्ठि, सेमिनार आयोजना गरी सेमिनार गराउँदै आएको पाइन्छ।

विद्यालय शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रायोग गर्नका निमित्त उचित व्यवस्थापनको जरुरी हुन्छ। वास्तवमा विद्यालयमा सुचना प्रविधिको साधनको व्यवस्थापन गरि विद्यालयमा नयाँ नयाँ ज्ञान सिपहरु प्राप्ति, विश्लेशण , अभिलेखीकरण र प्रवाह गर्न सुचना तथा सञ्चारको प्रयोग महत्वपूर्ण छ। यसरी विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी अन्तर्राष्ट्रिय स्तरको विद्यार्थी तय गर्नका लागि विद्यालयहरु सूचना प्रविधिको प्रयोग मा अभ्यासरत रहेको देखिन्छ। यसरी विद्यलायमा शिक्षा प्राप्त गर्नका निम्ति विद्यालयले, सूचना प्रविधिका साधनहरु, कम्प्युटर, टेलिभिजन, प्रोजेक्टर, रेडियो, शैक्षिक खेल, शैक्षिक फिल्म, डकुमेन्ट्री, इमेल, इन्टरनेट, वेभसाइट, शैक्षिक सफ्टवेयरहरुको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ। शिक्षकहरुलाई तालिमको उचित व्यवस्थापन नभएको अवस्था देखिन्छ। यस्तो अवस्थामा शिक्षकलाई उचित तालिमको व्यवस्था गरी आर्थिक रुपले दक्ष विद्यालयहरुले यस्ता साधनको उचित व्यवसथापन गर्न सफल रहेका छन भने आर्थिक रुपले कमजोर विद्यालयले उक्त माध्यमको व्यवस्थापन गर्न सकिरहका छैनन। यस्तो अवस्थामा आर्थिक रुपले सवल तथा शहरी विद्यालय र ग्रामीण विद्यालयमा बीच ठूलो खाडल बढी रहेको अवस्था छ।

यस अध्ययनमा छानिएका दुईवटा विद्यालयमा प्रतिस्पर्धात्मक रुपमा विद्यालयमा द्वन्द्व हुने गरेको पाइयो। विद्यालयमा द्वन्द्व विभिन्न अवस्थमा फरक फरक विषयवस्तुका बीचमा हुने गरेको पाइन्छ। यस वारेमा प्राप्त जानकारीलाई तल प्रस्तुत गरिएको छ।

### ४.१.१ विद्यार्थी विद्यार्थीबीच हुने द्वन्द्वको अवस्था

विद्यार्थी शिक्षण सिकाइ प्रक्रियाको केन्द्रविन्दु हो । विद्यालयमा विद्यार्थी-विद्यार्थी बीचमा द्वन्द्वको वातावरण स्पष्ट रुपमा देख्न सकिन्छ । यस प्रकारको द्वन्द्व विद्यार्थीहरुका फरक फरक इच्छा, चाहना र विचारका कारण हुने देखिन्छ । विद्यार्थीहरुका बिचमा हुने द्वन्द्वमा सामाजिक, आर्थिक अवस्थाको पनि मुख्य भूमिका रहने गरेको पाइयो । जस्तै : समाजमा तल्लो जाति भनेर हेर्ने दृष्टिकोण, गरिने व्यवहार र विद्यार्थीको आर्थिक अवस्था जस्ता कुराहरुमा समेत विद्यार्थीका बीचमा द्वन्द्व सिर्जना हुने गरेको पाइयो । यस किसिमको द्वन्द्वले समग्र शिक्षण सिकाइ प्रक्रियामा नराम्रो असर पार्छ । तसर्थ विद्यार्थीहरुबीचमा हुने द्वन्द्व न्युनिकरण गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षक, अभिभावक र विद्यालय प्रशासनको महत्वपपूर्ण भूमिका रहन् गर्छ, शिक्षकले विद्यार्थीहरुमा आपसी समझदारीको वातावरण सिर्जना गर्न सक्नुपर्दछ । उनीहरुको इच्छा र चाहना अनुसार शिक्षण गर्न जरुरी देखिन्छ । विद्यार्थीहरुलाई अभिभावकले सम्झाइ बुझाइ गरी नैतिक पक्षहरुका बारेमा समेत बोध गराउन सक्छन् । विद्यार्थीहरुबीच झैःझगडा जस्ता नराम्रा पक्षहरुको न्यूनीकरणका लागि विद्यालयले विभिन्न उपायहरु अवलम्बन गर्न सक्छ । यसरी विद्यार्थी बीचको द्वन्द्वलाई स्वभाविक कुराको रुपमा स्वीकार गरी यसको न्युनीकरणतर्फ ध्यान दिन सके शिक्षण सिकाइ सफल र प्रभावकारी बनाउन सकिन्छ र जसको प्रत्यक्ष लाभ विद्यार्थीले लिन सक्छन् । यस प्रकारका द्वन्द्वलाई केन्द्रविन्दुमा राखी मुख्य समस्याको न्यूनीकरणका लागि सरोकारवाला सबै जिम्मेवार हुनु जरुरी देखिन्छ ।

### ४.१.२ शिक्षक र विद्यार्थीबीचको द्वन्द्वको अवस्था

विद्यालय सञ्चालनका क्रममा शिक्षक र विद्यार्थीका बीचमा कक्षा क्रियाकलाप, शैक्षिक सामाग्रीको प्रयोग, शिक्षकले विद्यार्थीमाथी गर्ने व्यवहार तथा विद्यार्थीले शिक्षकलाई गर्ने व्यवहारका सम्बन्धमा विद्यालयमा उनीहरुका बीचमा द्वन्द्व हुने गरेको पाइयो । विद्यार्थीले शिक्षकमाथी कक्षाकोठा भित्र गर्ने व्यवहार र वाहिरको वातावरणमा गर्ने व्यवहारले गर्दा पनि उनीहरुका बीचमा द्वन्द्व हुने गरेको पाइयो । यसै सन्दर्भमा विद्यालयका शिक्षक भन्नुहुन्छः

> *शिक्षकले विद्यार्थी माथी राम्रो व्यवहार गर्दा पनि विद्यार्थीले शिक्षकलाई जिस्काउने, शिक्षकको कक्षा कार्य नगर्ने, हल्ला धेरै गर्ने, दलीय राजनीतिको पछाडी लागी शिक्षकको कक्षा बहिष्कार गर्ने कारणले गर्दा विद्यालयम दुईपक्षका बीचमा द्वन्द्व हुन्छ।*

विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्नको लागी शिक्षक र विद्यार्थीबीचकोसम्बन्ध पनि राम्रो हुनु पर्दो रहेछ। एक र अर्कोको समन्वय विना विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप निरन्तर अगाडी बढ्न नसक्ने गरेको पाईन्छ। कक्षा शिक्षणको क्रममा शिक्षक र विद्यार्थी बीचमा राम्रो सम्बन्ध नभएको, शिक्षकका समस्या विद्यार्थीले नवुझ्केको तथा विद्यार्थीका समस्या शिक्षकले नवुझ्ने गरेको कारणले गर्दा उनीहरुका बीचमा द्वन्द्व भएको पाईन्छ। विद्यालयमा शिक्षकले विद्यार्थीलेमाथी भिन्न व्यवहार गरेता पनि ८० प्रतिशत विद्यार्थीले शिक्षकसँगै सहकार्य गर्ने गरेकोले विद्यालयमा उनीहरुबीचमा हुने द्वन्द्वलाई सकारात्मक रुपमा व्यवस्थापन गर्ने गरिएको पाइयो। जसले गर्दा शिक्षकहरुलाई विद्यार्थीसँग आपसी छलफल र समन्वय गर्ने थप प्रेरणा मिल्दो रहेछ।

यसरी विद्यालयमा शिक्षण सिकाइको क्रममा कक्षाकोठाभित्र शिक्षक र विद्यार्थीका बीचमा सहकार्य गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्नेतर्फ अग्रसर भएमा दुवैपक्षका बीचमा सहज वातावरणमा गुणस्तरीय शिक्षा हासिल गर्न सहयोग मिल्छ। शान्ति मावि तेल्लोकको स्थलगत अध्ययनको क्रममा विद्यालयमा शिक्षक र विद्यार्थीका बीचमा पाठ्यपस्तक शिक्षण सिकाइ क्रियाकलाप हुने अनियमितत जस्ता कारणले गर्दा उनीहरुका बीचमा द्वन्द्व हुने गरेको पाइयो। यसै सन्दर्भमा श्री सिंहेश्वरी मावि र शान्ति मावि का विद्यार्थी विवेक खड्का र तारा राईको विचार यस्तो थियो :

> *कक्षा शिक्षण गर्ने क्रममा शिक्षकले राम्रो र प्रतिभाशाली विद्यार्थीलाई मात्र समय दिने उनीहरुको मात्र होमवर्क हेर्ने र कम्जोर विद्यार्थीलाई वास्ता नगर्ने गरेकोले शिक्षक र विद्यार्थी बीचमा द्वन्द्व हुन्छ।*

शिक्षक विद्यार्थीबीचमासम्बन्ध राम्रो बनाउन उनीहरुलाई समान रुपमा हेर्नु पर्दछ। विद्यार्थीसँगसम्बन्ध सुधार गर्न उनीहरु बीचमा सहकार्य गरी राम्रो नराम्रोसँग सम्बन्ध पनि

सुधार गर्नु पर्दछ । सबैसँग आपसी छलफल समन्वय गर्न समेत विद्यालय प्रशासनले सहयोग नगरेको पाइयो । यसै सन्दर्भमा दुवै विद्यालयका अभिभावकको प्रतिक्रिया थियो :

> *विद्यालयमा शिक्षकले कक्षामा नियमित नहुने नियमित भए पनि कक्षामा नजाने समयमै पाठ्यपुस्तक नसकाउने, विद्यार्थीले पनि शिक्षकलाई आदर सम्मान नगर्ने, समस्या विषयबस्तु माथी छलफल नगर्ने गरेकोले कारणले उनीहरुका बीचमा द्वन्द्व हुन्छ*

उक्त भनाईसँग शान्ति मावि का विव्यस अध्यक्ष राम बहादुर खड्काको विचार मिल्दो रहेको पाइयो । उक्त भनाईबाट प्रस्ट हुन्छ विव्यस ले विद्यार्थी र शिक्षकबीचमा हुने असमभ्रूदारीमा पनि चासो देखाउने र समन्वय गर्ने खोजेको पाइयो । साथै शिक्षण सिकाइ क्रियाकलापलाई सुधार गर्नेको निमित्त विव्यसको पनि अहम भूमिका रहेको पाइयो । यसै सन्दर्भमा सिंहेश्वरी मावि मा पनि शिक्षक बीचमा द्वन्द्व हुने गरेको भेटियो । यसै सन्दर्भमा सिंहेश्वरी मावि का महिला शिक्षक देवीमाया चपागाई ले भन्नु भयो

> *विद्यालयमा शिक्षक र विद्यार्थीका बीचमा विद्यार्थीले शिक्षकलाई जिस्काउने, कक्षा कार्य नगर्ने तथा कक्षाकोठामा शिक्षक भन्दा पनि आफु जान्ने जस्तो व्यवहारले गर्दा शिक्षकहरु एकातर्फ तनावमा देखिन्छन भने अर्कोतर्फ शिक्षक विद्यालयमा नियमित नहुने समयमै पाठयक्रम नसकाउँने, विद्यालयमा राजनीतिक कुराहरु वढि मात्रामा गर्ने गरेको कारणले गर्दा द्वन्द्व हुने गरेको छ ।*

माथिको भनाइबाट के प्रस्त हुन्छ भने विद्यालयमा शिक्षक र विद्यार्थीबीचमा पनि विद्यालयभित्र एवं कक्षाकोठाभित्र राम्रोसम्बन्ध नभएको , कक्षा शिक्षणका क्रममा भेटघाट भएता पनि आपसी छलफल हुन नसकेको पाइयो । विद्यालयमा शिक्षकहरु नियमित नुहुने नियमित भए पनि कक्षामा नजाने गरेको कारण विद्यालयमा उनीहरुका बीचमा द्वन्द्वको वातावरण सिर्जना भएको पाइयो । मिश्र (२०६७) को अध्ययनमा द्वन्द्वले बालबालिकाको अध्ययनमा प्रत्यक्ष प्रभाव पार्ने गरेकोले एवं विद्यार्थी र शिक्षकका बीचमा आपसी समन्वयको

अभाव र उत्प्रेरणाको अभावले द्वन्द्व सिर्जना हुने उल्लेख गरिएको छ । मेरो अध्ययनले शिक्षकले आफु नै सर्वेसर्वा भएको, तथा विद्यालयमा नियमित नहुने, नियमित भए पनि कक्षामा नजाने राजनीतिक दलको आडमा जागिर खाने गरेकोले विद्यालयमा उनीहरुका बीचमा द्वन्द्व हुने उल्लेख छ । कार्ल माक्सको अन्तरविरोधको सिद्दान्तले मानिसमा आफ्ना असिमित आवश्यकता र विचारहरु पनि फरक हुने भएकोले उनीहरुको  विचारमा फरक पना आएको र यसले समाजमा वर्ग सिर्जना हुने गरेको पाईन्छ । समाजमा दुईवटा वर्गका बीचमा आपसी मतभेदको वातावरण सिर्जना हुने गरेकोले उनीहरुमा द्वन्द्व सिर्जना हुने उल्लेख छ । उनको सिद्दान्त अनुसार नै छनोटमा परेका विद्यालयहरुमा शिक्षक र विद्यार्थीका बीचमा एक आपसमा राम्रोसम्बन्ध स्थापित नभएको पाइयो । जसले गर्दा शिक्षकहरुमा शिक्षण गर्ने असहज वातावरण सिर्जना भएको कुरा अध्ययन तथा अवलोकनको क्रममा पाइएको थियो ।

## ४.१.३ शिक्षक शिक्षक बीचमा हुने द्वन्द्वको अबस्था

यस उपशीर्षकमा विद्यालयमा शिक्षक शिक्षक बीचमा हुने द्वन्द्वको अवस्थाको वारेमा अध्ययन गरिएको छ । नमुना छनोटमा परेका दुईवटा विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयमा शिक्षक शिक्षकका बीचमा अस्वस्थ प्रतिस्प्रर्धा, अहमता,फरक दलीय विचारको कारणले गर्दा उनीहरुबीचमा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको पाइयो । नमुना छनोटमा परेका विद्यालयमध्ये श्री सिंहेश्वरीउच्च मावि मुढेका शिक्षकहरुमा द्वन्द्वको अवस्था चर्को रुपमा रहेको देखिन्छ । उक्त विद्यालयका शिक्षकहरुमा आपसी असमझदारीले गर्दा उनीहरुमा विषयगत रुपमा पनि भेदभाव हुने गरेको पाइन्छ । विद्यालयमा कार्यरत शिक्षकहरु विद्यालयको शैक्षिक गुणस्तर भन्दा पनि विषयगत रुपमा राम्रो नतिजा निकाल्नको लागी एकआपसमा प्रतिस्पर्धात्मक रुपमा लागी परेको कारणले विद्यालयमा शिक्षकहरुका बीचमा द्वन्द्वको वातावरण सिर्जना भएको पाइयो ।

विद्यालयमा कार्यरत शिक्षकहरुमा नेपाली पढाउँने शिक्षकलाई अङ्ग्रेजी र गणित पढाउने शिक्षकले नटेर्ने, विद्यालयमा आपसी छलफल तथा समन्वय नगर्ने गरेको देखियो । यसरी शिक्षकहरुका बीचमा हुने अस्वस्थ प्रतिस्पर्धाले शिक्षकहरुमा द्वन्द्वको वातावरण सिर्जना भएतापनि विद्यार्थीको लागी भने सकारात्मक वातावरणमा शिक्षण हुने गरेको पाइन्छ । विद्यालयमा कार्यरत शिक्षकहरु विभिन्न राजनीतिक दलको पछाडी लाग्ने र त्यहि दलको

वकालत गर्ने गरको विद्यालयको स्थलगत अध्ययनका क्रममा जानकारी पाइयो । यसरी राजनीतिक दलको पछ्याडी लाग्ने शिक्षकहरुले विद्यालयमा शिक्षण गर्न नआउने र तलवको लागी मात्र विद्यालयमा एक दुई दिन आउने गरेकोले विद्यालयमा कार्यरत शिक्षकहरु असन्तुष्टि हुने गरेकोले विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना भएको देखियो । यसका साथै विद्यालयमा शिक्षकले गर्ने आर्थिक अनियमितता, कर्मचारी भर्नामा हुने पक्षपातपुर्ण व्यवहारले गर्दा विद्यालयमा शिक्षक शिक्षक बीचमा द्वन्द्वको विकास हुने गरको छ । विद्यालयमा शिक्षक शिक्षक बीचमा हुने द्वन्द्वकासम्बन्धमा दुवै विद्यालयका प्रअको प्रतिक्रिया एउटै थियो :

> शिक्षक बीचमा विषयगत रुपमा चर्को होडबाजी हुनु, सहकार्यको अभाव हुनु, विद्यालयमा स्थायी शिक्षकले अस्थायी, अस्थायी राहत र राहतले निजिश्रोतका शिक्षकलाई हेप्ने गरेको कारणले गर्दा विद्यालयमा द्वन्द्व  सिर्जना भएको हुन्छ ।

उक्त भनाईलाई विश्लेषण गर्दा विद्यालयमा शिक्षक शिक्षकहरुका बीचमा आपसी समन्वय हुन नसकेको तथा उनीहरुका बीचमा विद्यालयमा समग्र शैक्षिक विकास भन्दा पनि विषयगत शैक्षिक विकासमा जोड दिने गरकोले विद्यालयमा शिक्षकहरुका बीचमा द्वन्द्व भएको देखिन्छ । साथै विद्यालयमा नेपाल सरकारले शिक्षकलाई पनि वर्गिकरण गरेकोले एकले अर्कोलाई हेप्ने गरेको कारण एकआपसमा समन्वयको कमी हुने गरेको छ । विद्यालयमा स्थायी शिक्षकहरु आफु प्रतिस्प्रधाबाट आएको भनेर अन्य शिक्षकलाई राजनीतिक र नातावादबाट शिक्षणमा प्रवेश गरेको भनेर भेदभाव गर्ने गरेको विद्यालयका एकजना शिक्षक लाखबहादुर पौडेलले वताउनु भयो । विद्यालयमा विज्ञान गणित र अँग्रजी शिक्षकले मात्र शैक्षिक सामग्री बढि प्रयोग गर्नपाउनु पर्छ भन्ने माग राख्ने र अन्य शिक्षकलाई यसको अवसर दिनु हुदैन भन्ने गलत सोचका कारण विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको पाइयो ।

अर्को विद्यालय श्री शान्ति मावि शिक्षकलाई शिक्षा नियमावली मै व्यवस्था भए बमोजिम पारिश्रमिकको व्यवस्था गरी शिक्षक नियुक्ति गरिएता पनि समयमै पारिश्रमिक पाउन नसकेकोले शिक्षकहरु बिहानीको समयमा अन्यत्र विद्यालयमा कक्षा एघार बाह्र पढाउन जाने र अन्य शिक्षकले उनीहरुको विरोध गर्ने कारणले पनि विद्यालयमा शिक्षक का

बीचमा द्वन्द्व हुने गरेको पाइन्छ । विद्यालयमा शिक्षक शिक्षक बीचमा हुने द्वन्द्वकासम्बन्धमा उक्त विद्यालयमा कार्यरत शिक्षिका कृष्णकुमारी फूयालले भन्नुभयो :

> विद्यालयमा प्रतिस्पर्धात्मक रुपबाट आएका शिक्षक भन्दा पनि दलीय नियुक्ति पाएका शिक्षकहरु वढिमात्रामा विद्यालयमा शिक्षणमा भन्दा पनि राजनीतिक वहसमा ध्यान दिने, अन्य शिक्षकहरुसँग आपसी छलफल संवाद र समन्वय नगर्ने तथा आफ्नो पदलाई दलगत रुपमा स्थापित गर्ने गरेकोले विद्यालयमा कार्यरत शिक्षक शिक्षक बीचमा द्वन्द्व हुन्छ ।

माथिको भनाइलाई विश्लेषण गर्दा विद्यालयमा शिक्षक शिक्षकका बीचमा द्वन्द्व हुने प्रमुख कारण नै दलीय राजनीतिक भएको पाइयो । राजनीतिक कारणले गर्दा शिक्षकहरु विद्यालयमा भन्दा पनि दलको कार्यक्रममा बढि जाने र जागिर पनि रक्षा हुने भएकोले विद्यालयमा शिक्षकहरु राजनीतिक दलको आडमा जागिर खानेगरेको वुझिन्छ । विद्यालयमा कसैसँग पनि आपसी छलफल र समन्व नगर्ने विद्यालयमा नियमित पनि नहुने गरेकोले विद्यालयमा अन्य शिक्षकलाई वढि लोड पर्ने गरेको कारणले उनीहरुका बीचमा द्वन्द्वको वातावरण सिर्जना भएको हुन्छ । यसरी विद्यालयमा राजनीतिक दलले शिक्षकलाई आपनो भागमा पार्ने गरेको कारणले पनि विद्यालयमा द्वन्द्वको वातावरण वृद्धि हुदै गएको विद्यालयका शिक्षक अर्जुन राई को प्रतिक्रिया थियो ।

नमुना छनोटमा परेका दुईवटा विद्यालयको अवस्थालाई हेर्दा शिक्षक शिक्षकका बीचमा चर्को रुपमा द्वन्द्व हुने गरेको पाइयो विद्यलयमा शिक्षकहरु विषयगत रुपमा राम्रो नतिजा निकाल्ने सन्दर्भमा आफ्ना विषयमा मात्र विद्यार्थीलाई सहयोग गर्ने विद्यालयको शैक्षिक गणस्तरमा भन्दा पनि विषयगत गुणस्तरमा ध्यानदिने गरेकोले गर्दा विद्यालयमा एकआपसमा समन्वय हुन नसकेको देखियो । शिक्षकहरुमा वढि मात्रमा अहमताको भावना हुने गरेकोले एक शिक्षकले अर्को शिक्षकलाई नटेर्ने तथा दलगत रुमा पनि आपसी मनमुटाव राख्ने गरेकोले विद्यालयमा उनीहरुका बीचमा द्वन्द्व हुने गरेको पाइयो । शिवाकोटी (२०६८), को अध्ययनले सामाजिक संरचना, मुल्यमान्यता नागरिकको व्यवहार परिस्थिति र चालचलनले द्वन्द्वको विकासमा सहयोग पुयाउने उल्लेख गरिएको छ । मेरो अध्ययनले विद्यालयमा शिक्षकहरुमा पनि आफ्नो व्यवहार अनुसार शिक्षकलाई व्यवहार गर्ने तथा

अहमताको भावना लिने जस्ता विषयवस्तुले गर्दा शिक्षकहरुका बीचमा विवाद हुने गरेको पाइयो ।

शिक्षकहरु पनि शक्तिशाली राजनीतिक दलको पक्षविपक्षमा लागी दलकै वकालत गर्ने गरेको कारणले पनि उनीहरुमा द्वन्द्व हुने गरेको उल्लेख छ । कार्लमाक्स (१८१८) को अन्तरविरोधको सिद्दान्त अनुसार, प्रत्येक मानिसमा फरक विचारहुने भएकोले एक आपसमा समन्वय हुन नसकेकोले द्वन्द्व हुन्छ भने झै मेरो अनुसन्धानमा पनि शिक्षकहरुमा पनि आर्थिक, सामाजिक, दलीय विचार हुने गरेकोले उनीहरुका बीचमा आपसी द्वन्द्व हुने गरेको पाइयो । तसर्थ छनोटमा परेका दुईवटा विद्यालयका शिक्षकहरु शिक्षण सिकाइ क्रियाकलापमा एक आपसमा सहकार्य नगरेको पाइयो । यसबाट थाहा पाउन सकिन्छ कि विद्यालयमा लागु गरिएको आचारसंहिताको पालना भन्दा पनि स्वतः रुपमा पालना गरिने नियम नै सरकारी विद्यालयमा बढि उपयुक्त हुदो रहेछ ।

### ४.१.४ प्रअ र शिक्षकबीचमा हुने द्वन्द्वको अवस्था

नमुना छनोटमा परेका दुईवटा विद्यालयका प्रअ र शिक्षकका बीचमा विभिन्न सेवा, सुविधा तथा प्रधानाध्यापकको प्रशासनिक कम्जोरी, विद्यालयमा शिक्षकहरुको अनियमितता, तथा दलगत प्रतिसोधको भावनावट विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको पाइयो । यसै क्रममा श्री सिंहेश्वरी मावि मुढेका प्रधानाध्यापक उदयकुमार श्रेष्ठसँग गरिएको अन्तर्वार्तामा उहाले विद्यालयमा प्रर्याप्त मात्रामा शिक्षकलाई पारिश्रमिकको व्यवस्था नभएको, विद्यालयमा राजनीतिकदलको प्रभावले गर्दा हुने भेदभाव तथा पक्षपातपुर्ण व्यवहारले गर्दा विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना भएको बताउनु भयो । साथै विद्यालयमा कार्यरत शिक्षक र प्रअका बीचमा आपसी छलफल, समन्वय हुन नसक्दा एकपक्षले अर्का पक्षलाई नटेर्ने, विद्यालय व्यवसस्थापन समितिको पक्ष विपक्षमा लागी बादविवाद गर्ने गरेकोले विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको छ । यसै सन्दर्भमा विद्यालयका शिक्षकको विचार यस्तो थियो :

> प्रअ ले विद्यालयमा व्यक्तिगत स्वार्थका निमित्त दलगत रुपमा शिक्षकलाई भेदभाव गर्ने, विद्यालयको शैक्षिक व्यवस्थापनमा ध्यान नदिने, शिक्षकलाई समयमै चौमासिक निकासा नगर्ने, विद्यालयमा विद्यार्थीका

> समस्या नवुझी कडारुपमा कारवाहि गर्ने, शिक्षक विद्यार्थी आचारसंहिताको कार्यान्वयनमा ध्यान नपुयाउने र शिक्षक स्टाफका समस्यालाई विव्यस वैठकमा छलफल मा नलैजाने कारणले गर्दा विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको छ ।

उक्त भनाइलाई हेर्दा विद्यालयमा सबैभन्दा बढि द्वन्द्व प्रधानाध्यापक र शिक्षक बीचमा हुने गरेको छ । विद्यालयमा आर्थिक समस्या भएकोले सबै प्रकारका समस्यामा प्रअले व्यवस्थापन गर्न नसक्दा यहा आपसी असमझदारीको वातावरण सिर्जना हुने गरेको छ । विद्यालयमा शिक्षक र प्रअका बीचमा प्रतिस्पर्धात्मक सोचका कारणबाट पनि शिक्षक स्टाफ र विद्यालय प्रशासनका बीचमा राम्रोसम्बन्ध भएको देखिदैन । विद्यालयमा कार्यरत शिक्षक पनि दलगत रुपमा समुह उपसमुह निर्माण गरि वस्ने गरेको कारणले गर्दा सबै शिक्षक कर्मचारीहरु फरक फरक विचारमा आवद्ध हुने भएकोले यहा द्वन्द्वको वातावरण सिर्जना भएको छ । समग्रमा हेदा विद्यालयमा  प्रअ र शिक्षकका बीचमा आपसी असमझदारीको विकास, समन्वयको अभाव, तथा सहयोगी नभएको पाइयो । विद्यालयमा शिक्षकलाई प्रदान सेवामुखी तालिममा पनि प्रअ ले भेदभावपुर्ण व्यवहार गर्ने गरेकोले यसको प्रभाव विद्यालयमा कार्यरत शिक्षकहरुमा पर्ने गरेको छ । जसको कारण विद्यालयमा शिक्षक तथा प्रधानाध्यापकका बीचमा आपसी अर्न्तरविरोध सिर्जना भई द्वन्द्वको वातावरण सिर्जना भएको पाइयो ।

यसै गरि श्री शान्ति माविका प्रअ रमेश कुमार श्रेष्ठ ले विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने क्रममा भनिएझै उनीहरुलाई समयमै पारिश्रमिकको व्यवस्था गर्ने नसकेको कारणले गर्दा गर्दा पनि विद्यालयमा मतभेदको वातावरण सिर्जना भएको देखिन्छ । विद्यालय अवलोकनका क्रममा विद्यालयमा प्रधानाध्यापकले शिक्षकलाईै समयमै तलव नखुवाउने गरेको समस्याले गर्दा पनि विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुने देखियो । विद्यालयमा शिक्षक र प्रधानाध्यापक विद्यालयको शैक्षिक गुणस्तर भन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थ तथा सेवा सुविधाको सन्दर्भमा वढि ध्यान पुयाउने भएकोकोले विद्यालयमा द्वन्द्वको वातावरण सिजना हुने गरेको विद्यालयमा कार्यरत शिक्षकहरुको एउटै प्रतिक्रिया थियो । ति सबै प्रतिक्रिया मध्ये शान्ति माविका शिक्षक अर्जुन राई सँग गरिएको अन्तर्वातामा वहाँको विचार यस्तो थियो

आर्थिक समस्या विद्यालयमा विद्यमान छ सरकारी स्तरमै भएको व्यवस्था अनुसार शिक्षकलाई उपयुक्त पारिश्रमिकको व्यवस्था गर्छु भनी प्रधानाध्यापकले प्रतिवद्दता गरे पनि सो व्यवस्था हुन नसकेको र शिक्षकहरुले समयमै तलव खान पाउन सकेका छैनन् जसले गर्दा विद्यालयमा शिक्षक र प्रधानाध्यापका बीचमा सकारात्मक तथा रचनात्मक प्रतिस्पर्धा हुने गरेको यसबाट नै विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको छ ।

उक्त शिक्षकको भनाइलाई कक्षा १० मा अध्ययनरत विद्यार्थी पवित्र भण्डारीले पुष्टि गर्दै भनिन् विद्यालय सञ्चालन गर्ने स्थानीय निकायको वजेटमा वढि निर्भर हुनुपर्ने भएकोले विद्यालयमा समस्याहरु समाधान गर्न नसकेको देखिन्छ । जसको कारणले गर्दा विद्यालयमा शिक्षक र प्रअ बीचमा हुने  अन्तर द्वन्द्वले विद्यालयमा असहज वातावरण सिर्जना हुने गरेको पाइयो । विद्यालयमा शिक्षक र प्रअ बीचमा द्वन्द्वको अवस्था वृद्दि हुदै गएमा विद्यालयको शिक्षण सिकाइमा समेत नराम्रो असर पर्ने गरेको विद्यालयका एक जना महिला शिक्षकको प्रतिक्रिया थियो ।

विद्यालयको अवलोकनका क्रममा शिक्षका र प्रअ का बीचमा विद्यालयमा शिक्षण सिकाइको अवस्था, पारिश्रमिकको व्यवस्था  शैक्षिक सामाग्रीको उपयुक्त व्यवस्था नभएकोले तथा विद्यालयमा शिक्षक र प्रअका बीचमा राजनीतिक भेदभाव हुने गरेकोले विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना भएको पाइयो । विद्यालयमा शिक्षका समस्याहरु माथी प्रअले ध्यान नपुयाउदा तथा शैक्षिक व्यवस्थापन पनि उपयुक्त तरिकाले नगर्दा विद्यालयमा शिक्षक र प्रअ बीचमा द्वन्द्वको वातावरण सिर्जना भएको पाइयो  ।

नमुना छनोटमा परेको अर्को विद्यालय श्री सिंहेश्वरी माविमा अभिभावकबाट विद्यालयको सामाजिक आर्थिक, शैक्षिक तथा भौतिक अवस्थाका वारेमा पनि गुनासो आउने गरेको विषयवस्तु माथि विद्यालयका प्रअ र शिक्षकका बीचमा कुराकानी हुने गरेको पाइयो । विद्यालयको शैक्षिक गुणस्तर विकास भन्दा पनि द्वन्द्वको विकास  विद्यालयमा हुने गरेकोले यसलाई व्यवस्थापन गर्नेतर्फ शिक्षक र प्रधानाध्यापकले आपसी समन्वय र छलफल हुन नसकेको कारण विद्यालयमा द्वन्द्वको विकास भएको छ । विद्यालयमा हुने आपसी

असमझदारीका विषयवस्तु प्रति विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुले कहिले काहिँ विद्यालयको खाजा समय, स्टाफ बैठक, तथा विद्यालय व्यवस्थापन समितिको वैठकमा समेत शिक्षक तथा प्रअ का समस्या दर्साउने गरेको उक्त विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष श्री ऋषिकेशब चापागाई भन्नु हुन्छ। यसका साथै विद्यालयमा शिक्षकहरुका बीचमा हुने दलगत राजनीति प्रतिसोधको भावना , प्रधानाध्यापकको प्रशासनिक कमजोरी, विद्यालयमा शिक्षक र प्रअ बीचमा आपसी समन्वयको अभाव जस्ता तत्त्वले गर्दा विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना भएको पाइयो। यसै क्रममा श्री सिंहेश्वरी मावि मूढेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग गरिएको अन्तर्वार्तामा शिक्षक र प्रअ बीचमा हुने द्वन्द्वलाई यसरी व्यक्त गर्नुभयो :

> प्रअ र शिक्षक बीचमा हुने द्वन्द्वको मुख्य कारण आर्थिक समस्या, पद, फरक दलगत राजीतिक विचार, आपसी असमझदारी, समन्वयको अभाव तथा प्रतिस्पर्धात्मकसोचका कारण विद्यालयमा शिक्षक र प्रअका बीचमा द्वन्द्व हुने गरेको छ।

उक्त भनाइलाई विश्लेषण गर्दा विद्यालयमा शिक्षक र प्रअका बीचमा द्वन्द्व हुने मुख्य कारण आर्थिक कमजोरी भएको पाइयो। विद्यालयमा शिक्षक तथा प्रअ ले फरक फरक दलगत विचारका आधारमा शिक्षकहरुमाथी भेदभाव र पक्षपात पुर्ण व्यवहार गर्ने गरेको कारण विद्यालयमा उनीहरुका बीचमा आपसी छलफल समन्वय हुन नसकेको ले विद्यालयमा द्वन्द्वको विकास भएको देखिन्छ। विद्यालयमा शिक्षकहरुमा पनि प्रतिस्पर्धात्मक सोच भएकोले पनि यसले उनीहरु विद्यालयको शैक्षिक विकास भन्दा पनि आफ्नो विषयगत शैक्षिक विकासमा जोड दिने भएकोले यस कारणबाट पनि विद्यालयमा शिक्षक र प्रअ बीचमा द्वन्द्व हुने गरेको पाइयो। (चन्द, २०६३) को अध्ययनले विद्यालयमा प्रअको प्रशासनिक कमजोरी, आर्थिक अनियमितता, शिक्षकहरुमाथी हुने पक्षपात पुर्ण व्यवहार, तथा दलगत राजनितिले गर्दा प्रअ र शिक्षकका बीचमा द्वन्द्व हुने गरेको उल्लेख गरिएको छ। मेरो अध्ययनमा विद्यालमा शिक्षक र प्रअ को बीचमा आपसी समन्वयको अभाव, समसामयिक विषयमा छलफलको कमि, प्रअ तथा शिक्षक दलगत फरक विचार र सेवा सुविधाको असमान वितरणका कारणले उनीहरुका बीचमा द्वन्द्व हुने गरेको उल्लेख छ। मार्क्सको अन्तर्विरोधको

सिद्दान्तमा पनि सबै मानिसका आवश्यकताहरु एउटै नभएर फरक फरक हुने भएकोले उनीहरुमा वर्गीय विभेद सिर्जना हुने भएकोले एक आपसमा द्वन्द्व सिर्जना हुन्छ भनिए झै मेरो अध्ययनमा पनि विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुमा पनि फरक फरक आवश्यकता विचार तथा उनीहरुमा प्राप्त हुने असमान सेवा, सुविधा र मानसम्मानको कारण विद्यालयमा शिक्षक र प्रअ बीचमा द्वन्द्व हुने कुरा उल्लेख गरिएको छ ।

## ४.१.५ शिक्षक र विद्यालय व्यवस्थापन समिति बीचको द्वन्द्वको अवस्था

विद्यालय सञ्चालनका क्रममा शिक्षक र विद्यालय व्यवस्थापन समिति बीचमा राम्रो सम्बन्ध रहेको हुन्छ । यसै सम्बन्धमा मेरो अध्ययनमा शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच हुने द्वन्द्वको अवस्थाको खोजी गरिएको थियो । यस अध्ययनको नमुना छनोटमा परेका सिंहेश्वरी मावि र शान्ति माविमा शिक्षक र विव्यस बीचमा द्वन्द्वको अवस्था विद्यमान रहेको देखियो । यसै सन्दर्भमा दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ऋषिकेशब चापागाई  र रामबहादुर खड्काको भनाइ थियो :

> विद्यालयमा शिक्षकहरू नियमित नहुने, नियमित भए पनि कक्षामा नजाने र विद्यालयमा दलगत राजनीतिक रुपमा वादविवाद गर्ने आधुनिक र वैज्ञानिक शिक्षण विधिको प्रयोग नगर्ने, विव्यस सँग समन्वय नगरी विद्यालयमा शिक्षण सिकाइ वातावरण सञ्चालन गर्ने गरेकोले दवै पक्षका बीचमा द्वन्द्वको विकास हुन्छ ।

विद्यालयमा शिक्षक र विद्यालय व्यवस्थापन समितिका बीचमा आपसी छलफल र समन्वय हुन सकेको देखिदैन । जसको कारण विद्यालयमा द्वन्द्व व्यवस्थापन हुन नसकेको पाइयो । विद्यालयमा शिक्षक र विद्यालय व्यवस्थापन समिति बीचमा पनि द्वन्द्व हुदो रहेछ । विद्यालयमा शिक्षकहरु व्यवस्थापन समितिको सल्लाह विना शिक्षण कार्य सञ्चालन गर्ने गरेकोले यिनीहरुको बीचमा आपसी समन्वयको अभाव भएको देखियो । विद्यालयमा शिक्षणलाई वैज्ञानिक तरिकाबाट अघि बढाउँन नसकेको विद्यालयका शिक्षकलाई आक्षेप लगाउने गरेको देखिन्छ । शिक्षक र विव्यस बीचमा हुने द्वन्द्वकासम्बन्धमा सिंहेश्वरी मावि मुढे र शान्ति माविका शिक्षक लाखबहादुर पौडेल र अर्जुन राईको विचार यस्तो थियो :

> विद्यालय व्यवस्थापन समितिले शिक्षक कर्मचारी नियुक्ति गर्दा दलगत, नातावाद रुपमा भर्ना गर्ने, विद्यालयमा शिक्षकलाई विदा नदिने, विद्यालयको भौतिक संरचना निर्माणमा ध्यान नपुचाउने, व्यवस्थापन समिति पनि राजनीतिक दलजस्तो वनाउन खोज्ने, दलीय रुपमा शिक्षकलाई भेदभाव गर्ने गरेको कारण विद्यालयमा द्वन्द्व हुन्छ ।

माथिको भनाइबाट के पुष्टि भयो भने विव्यसले नै विद्यालयमा भौतिक संरचना निर्माणमा ध्यान दिनुपर्नेमा ठिक उल्टो राजनीतिमा ध्यान दिने गरेको पाइयो । यसका साथै विद्यालयमा विव्यसले आपसी छलफल र अन्तरक्रिया तथा परामर्श गरेको देखिदैन । विद्यालयमा शिक्षक तथा कर्मचारीमा पनि राम्रा भन्दा पनि हाम्रा मान्छे नियुक्ति गर्ने गरेको कारणले गर्दा शिक्षक र विव्यस बीचमा मतभेद भएको देखिन्छ । विद्यालयमा शिक्षक र विद्यालय व्यवस्थापन समितिका बीचमा हुने समस्या माथी कुराकानी, सल्लाह, सुझाव नहुने भएकोले विद्यालयमा द्वन्द्व व्यवस्थापन हुन नसकेको पाइयो । यसै सन्दर्भमा नमुना छनोटमा परेका दुवै विद्यालयका विद्यार्थी लाक्पाडोमा शेर्पा र सुरेश जिमी को भनाइ थियो :

> विद्यालयमा शिक्षक र विव्यसबीचमा राजनीति बढि हुने गरेकोले उनीहरुका बीचमा राम्रो सम्बन्ध हुन नसकेको देखिन्छ । विद्यालयमा कार्यरत शिक्षकहरु पनि विव्यस आफ्नो पक्षको छ भने विद्यालयमा आफ्नो प्रभाव देखाउने गरेकोले यहाँ द्वन्द्व भएको हुन्छ ।

यसरी हेर्दा विद्यालयमा कार्यरत शिक्षक स्टाफहरु पनि राजनीतिक दलको कारणले विव्यसको वकालत गर्ने गरेको तथा अन्य शिक्षक तथा कर्मचारीलाई हेप्ने गरेको पाइयो । विद्यालय सबैको साझा संस्था हो भन्ने धारणा कुनै पक्षमा पनि देखिदैन जसले गर्दा विद्यालयमा यो समस्या सिर्जना भएको पाइयो । यस्तै विचार दुवै विद्यालयका ८ जना अभिभावकहरुले व्यक्त गर्नुभएको थियो । विद्यालयमा विद्यमान द्वन्द्वका सन्दर्भमा कहिले काहीँ विद्यालय व्यवस्थापन समिति र शिक्षकका बीचमा आपसी असहमति छलफल समन्वय र सम्पर्क गरी समस्यालाई कसरी व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा छलफल हुने गरेता पनि निष्कर्षमा पुगेको पाईन्न । कोईरला र श्रेष्ठ (२०६८) का अनुसार विरोध विरोधका लागी

नभई सुधारका लागी भएकाले विद्यालयमा सबै कर्मचारीका बीचमा आपसी समन्वय र सहभागिताका आधारमा समस्याको व्यवस्थापन गरिनु पर्ने उल्लेख गरिएको छ । मेरो अध्ययनमा विद्यालयममा शिक्षक र विव्यस बीचमा फरक दलीय राजनीति तथा राम्रा भन्दा पनि हाम्रा मान्छे भन्ने गलत प्रवृत्तिले गर्दा विद्यालयमा द्वन्द्व हुने उल्लेख छ । फोलेटको मानव सम्बन्धको सिद्दान्त (सन् १९५०) का अनुसार कुनै पनि संगठनमा काम गर्नेहरुका बीचमा राम्रोसम्बन्ध भएमा काम छिटो, राम्रो र प्रभावकारी हुनुका साथै उक्त संगठनको प्रगतिको लागी एक अर्कोको भावना बुझेर अगाडी बढ्नु पर्नेमा जोड दिएको पाईन्छ । त्यस्तै मेरो अनुसन्धानमा पनि विद्यालयका प्रअ शिक्षक, विद्यार्थी, र विद्यालय व्यवस्थापन बीचमा पनि समन्वय हुनु आवश्यक छ । कार्लमाक्स (१८१८) को अन्तर्विरोधको सिद्दान्तले समाजमा सकारात्मक र नकारात्मक अन्तर्विरोध सिर्जना गर्ने भएकोले यसले समाजमा द्वन्द्वको विकास हुन्छ भने झै मेरो अध्ययन गरिएका विद्यालयहरुमा पनि शिक्षक र विद्यालय व्यवस्थापन समितिका बीचमा अन्तर्क्रिया, छलफल, तथा परामर्श हुन नसकेकोले विद्यालयमा द्वन्द्व भएको पाइयो ।

## ४.२ विद्यालयमा द्वन्द उत्पन्न हुने कारणहरु

यो अध्ययनलाई पुरा गर्ने क्रममा नमुना छनोटमा परेका दुईवटा विद्यालयबाट प्रअ, शिक्षक, विव्यस प्रतिनिधि, अभिभाभक र विद्यार्थीबाट अन्तर्वार्ताका क्रममा आएका सबैको प्रतिक्रियालाई  हेर्दा विद्यालयमा आर्थिक, सामाजिक तथा राजनीतिक कारणले द्वन्द्व हुने गरेको पाइयो  । विद्यालयमा हुने द्वन्द्व सकारात्मक होस वा नकारात्मक यसलाई सहजै छट्याउन सकिदैन भन्ने कुरामा सबैको राय एउटै थियो । द्वन्द्वलाई कसैलाई आवश्यकता र स्वार्थबीचको भिन्नता कसैले प्रतिस्पर्धा त कसैले उद्वेश्य प्राप्तिको लागि हुने आपसी मनमुटाव, तनाव, कलह तथा कसैले उद्वेश्य प्राप्तिका लागी हुने आपसी मनमुटाव, तनाव, कसैले आपसी असमझदारी तथा असामान्य परिस्थिति आदिका रुपमा हेर्ने गरेको उत्तरहरु प्राप्त भए । जुन कुराले अध्ययनको पृष्ठभूमिसँग मेल खाएको पाइयो । अहिलेको परिप्रेक्ष्यमा पनि विद्यालयमा उत्पन्न हुने द्वन्द्वलाई परम्परागत रुपमा हेर्ने गरिएको देखिन्छ किनभने विद्यालयमा उत्पन्न हुने द्वन्द्वले  विद्यालयमा नकारात्मक असर पर्ने  संकोचले गर्दा विद्यालयमा द्वन्द्व हुनुहुदैन भन्ने अधिकांश उत्तरदाताको आसय थियो ।  कतिपयले विद्यालयमा द्वन्द्वले गर्दा प्रतिस्पर्धामा वृद्धि भई विद्यालयको शैक्षिक वातावरणमा सुधार र

विकास हुने भएकोले विद्यालयमा रचनात्मक रुपमा  द्वन्द्व हुनुपर्दछ भन्ने आसय व्यक्त गर्नुभएको थियो ।  विद्यालयमा सबै पक्षसँग आपसी सम्बन्धमा विस्तारमा सहयोग हुन नसकेको कारणले विद्यालयमा द्वन्द्व हुने गरेको अधिकाँश उत्तरदाताको प्रतिक्रिया थियो । यसबाट विद्यालयमा द्वन्द्व सिर्जना हुने मुख्य कारणलाई  आर्थिक, सामाजिक, र राजनीतिक उपशीर्षकमा निम्नानुसार विश्लेषण गरिएको छ ।

## ४.२.१ आर्थिक कारणबाट विद्यालयमा हुने द्वन्द्व

अध्ययनमा छानिएका २ वटा विद्यालयमा द्वन्द्व सिर्जना गर्ने प्रमुख कारणको रुपमा आर्थिक कारणलाई पनि लिइएको पाइयो । विद्यालयमा थुप्रै क्रियाकलापहरु आर्थिक पक्षसँग जोडिएको हुनाले यी विद्यालयमा विद्यालयको भौतिक संरचना, शिक्षकहरुको पारिश्रमिक, शैक्षिक सामाग्री खरिदसम्बन्धमा द्वन्द्व हुने गरेको देखियो । विद्यालयमा कार्यरत शिक्षक कर्मचारी तथा विद्यार्थीहरुको पारिवारिक आर्थिक अवस्थाको कारणले गर्दा पनि विद्यालयमा द्वन्द्व हुने गरेको पाइयो । आर्थिक अवस्था कम्जोर भएका शिक्षक तथा कर्मचारी एवं विद्यार्थीलाई मजवुत आर्थिक अवस्था भएका शिक्षक कर्मचारीले भेदभाव गर्ने गरेको कारणले गर्दा द्वन्द्वको वातावरण सिर्जना भएको पाइयो । यसै सन्दर्भमा नमुना छनोटमा परेका श्री सिंहेश्वरी मावि मुढे र शान्ति मावि तेल्लोकका शिक्षक लाख बहादुर पौडेल र अर्जुन राईको भनाइ थियो :

> विद्यालयमा अध्ययनरत विद्याथीहरु मध्ये कोही कोही विद्यालयको पोसाक किन्न सक्ने अवस्थाका पनि छैनन् भने कोहीले वर्षमा पोसाक फेरी फरी लगाउँने अवस्थाका छन् । यसरी हेर्दा विद्यालयमा पोसाक बल्लतल्त लगाउँने विद्यार्थीहरु ६० प्रतिशत रहेको देखिन्छ । भने ४० प्रतिशतले मजासँग पोसाक लगाउने गरेको छन् ।

उक्त भनाइलाई हेर्दा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा आर्थिक अभावका कारण विद्यालयले निधारित गरेको पोसाक समेत किन्न सक्ने अवस्थाका नभएको देखियो । जसले गर्दा उनीहरुमा हिनताबोध हुने, गरेकोले विद्यालय नै छाड्ने गरेको पाइयो । विद्यालयमा द्वन्द्व

हुने प्रमुख कारण आर्थिक असमानता भएको देखियो । यसै सन्दर्भमा शान्ति मावि र सिंहेश्वरी माविका प्रअ रमेश कुमार श्रेष्ठ र उदयकुमार श्रेष्ठको विचार यस्तो थियो :

> विद्यालयको आर्थिक अवस्था मजवुत नभएकोले विद्यालयम शिक्षकहरुका बीचमा पनि हुँदा खाने र हुनेखानेका बीचमा भेदभाव हुने गरेको छ । यो समस्या शिक्षकमा मात्र नभएर विद्यार्थीमा पनि छ । समाजमा पनि गरिबीको समस्या भएकोले यसको असर विद्यालयमा परेको हो । विद्यालयमा आर्थिक असमानताका कारणले गर्दा विचार फरक हुने भएकोले दुवै पक्षका बीचमा द्वन्द्व भएको देखिन्छ ।

उक्त भनइलाई विश्लेषण गर्दा विद्यालयमा पनि हुनेखाने र हुँदा खानेकाबीचमा आपसी रुपमा भेदभाव हुने गरेको पाइयो । यो समस्या शिक्षक विद्यार्थीका बीचमा हुने गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरु पनि स्थायी अस्थायी, भएको कारणले गर्दा यो समस्या सिर्जना भएको पाइयो । विद्यालयमा आर्थिक अभावले भौतिक संरचना निर्माण तथा शैक्षिक सामग्रीको प्रयाप्त व्यवस्था नभएको बुझिन्छ । यसै सन्दर्भमा नमुना छनोटमा परेका विद्यालयका अभिभावकसँग गरिएको सामुहिक छलफलमा उहाहरुले निकाल्नु भएको निष्कर्ष यस्तो थियो :

> विद्यालयमा कम स्रोत साधन भएकोले सबै कक्षाको शैक्षिक अवस्थालई यसले समेटन नसक्ने निजीस्रोतमा राखिएका शिक्षकलाई समयै पारिश्रमिकको व्यवस्था हुन नसक्ने, विद्यालयम भवनको समस्या र खेलकुदका समस्या विद्यमान रहेकोले यसबाट विद्यालयमा थुप्रै समस्या सिर्जना हुने, यसको स्रोतको व्यवस्था नभएको कारण विद्यालयमा द्वन्द्व भएको छ ।

यसरी हेर्दा सरकारी माद्यमिक विद्यालयमा स्रोत तथा साधन प्रयाप्त भएको देखिदैन भने शिक्षकहरु पनि स्थानीयरुपमा राख्नु पर्ने भएकोले पारिश्रमिकको व्यवस्था समयमै हुन नसकेको देखियो । विद्यालयमा विद्यार्थीको लागी खेलमैदान तथा खेल सामग्रीको पनि

व्यवस्था नभएकोले विद्यालयबाट विद्यार्थी अन्य विद्यालयमा जाने गरेको समस्या देखियो । यसै सन्दर्भमा श्री सिंहेश्वरी मावि मुढेका विद्यार्थी पेम्वा शेर्पा र धनकुमारी अधिकारी सँग विद्यालयमा आर्थिक कारणबाट कसरी द्वन्द्व हुन्छ भनी जिज्ञासा राख्दा उनको विचार थियो :

> विद्यालयमा निजी दरबन्दीमा रहेका शिक्षकले समयमै तलव नपाउने, वर्षो र विदा चाडपर्वमा पनि तलव नपाउने तर अन्य शिक्षकको भन्दा कडा मिहिनेत गर्नुपर्ने भएकोले अन्य शिक्षकको तलव र उनीहरुको तलवमा फरक हुने तथा विद्यालयले उनीहरुका माग पुरा गर्न नसकेको कारण विद्यालयमा आर्थिक कारणबाट द्वन्द्व हुन्छ ।

विद्यालयमा स्थायी शिक्षकले अन्य शिक्षकका समस्यामाथि ध्यान पुर्याउन नसकेको , उनीहरुसँग आपसी छलफल गरी समस्या समाधान नगरेको तथा प्रधानाधयापकले पनि शिक्षकहरुलाई वेवास्ता गरेको, स्थायी शिक्षकले अरु शिक्षकलाई हेप्ने गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिले निजीस्रोतमा शिक्षक नियुक्ति गरेता पनि उनीहरुको व्यवस्थापनमा चासो नदेखाउनुका साथै उत्प्रेरणा समेत दिने नगरेकोले शिक्षकहरु अन्य विद्यालयमा जाने गरेको पाइयो । जसले गर्दा विद्यालयमा शिक्षकका समस्या सिर्जना भई द्वन्द्व हुने गरेको देखियो ।

विद्यालयमा द्वन्द्व सिर्जना हुनुमा विद्यालयमा आर्थिक समस्या भएको पाइयो । आर्थिक अभावको कारण विद्यालयमा कुनै पनि समस्या समाधान हुन नसकेकोले विद्यालयमा यो समस्या विद्यमान भएको हो । विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनले पनि विद्यालयमा भएको समस्यालाई व्यवस्थापन गर्न आवश्यक व्यवस्था नमिलाएको पाइयो । भण्डारी (२०६७) का अनुसार विद्यालयमा शिक्षकका समस्या, भौतिक संरचनाका समस्या, पारिवारिक आर्थिक अवस्थाले प्रमुख भूमिका खेल्ने भएकोले विद्यालयमा आर्थिक कारणबाट द्वन्द्व हुने कुरा उल्लेख गरिएको छ । मेरो अध्ययनमा आर्थिक कारणले विद्यालयमा शैक्षिक व्यवस्थापन, शिक्षकका समस्या, विद्यार्थीका समस्या बढ्दै जानु, विद्यालयमा हुँदा खाने मानिसलाई हुनेखाने मानिसले दबाउने गरेको कारण द्वन्द्व हुने गरेको उल्लेख छ । कार्ल माक्स (१८१८) ले पनि समाजमा मानिस मानिस बीचमा अन्तर्विरोध सिर्जना गर्ने मुख्य

तत्त्व आर्थिक भएकोले यसमा समाजमा वर्ग सिर्जना गरी हुने खाने वर्गले हुदा खाने वर्गलाई अन्तर्विरोधका आधारमा दबाउने गरेको उल्लेख छ । मेरो अनुसन्धानमा अध्ययन गरिएका विद्यालयमा शिक्षक विद्यार्थी र व्यवस्थापन समितिका बीचमा आर्थिक सम्बन्धमा हुने भेदभावले गर्दा द्वन्द्व हुने उल्लेख गरिएको छ ।

## ४.२.२ सामाजिक कारणबाट विद्यालयमा हुने द्वन्द्व

अध्ययन गरिएका विद्यालयमा सामाजिक कारणबाट पनि विद्यालयमा द्वन्द्व हुने गरेको पाइयो । समाजमा रहने मानिसहरुको आफ्नै किसिमको मुल्य मान्यता र समाजको मुल्यमान्यता, सँस्कृति, समाज, सामाजिक, साँस्कृतिक मुल्यमान्यताको विविधता भएको कारण मानिसहरुको धारणागत सोच विचारमा पनि विविधता भएको देखियो । विद्यालयमा शिक्षक विद्यार्थी तथा विद्यार्थी-विद्यार्थी बीचमा पनि धेरै सामाजिक कुराहरु नमिलेको हुनाले विद्यालयमा द्वन्द्व हुने गरेको छ । यसै सन्दर्भमा श्री सिंहेश्वरी मावि र शान्ति माविका विव्यस अध्यक्षको भनाइ थियो :

> समाजमा आ-आफ्ना भाषा सँस्कृति मुल्य मान्यता र कलाकौशल बोकेका व्यक्तिहरु एउटै संगठनभित्र जम्मा हुने भएकोले उनीहरुका बीचमा आपसी मुल्य मान्यता नमिल्दा मनमुटाव हुने गरेको हुन्छ ।

विद्यालयमा कार्यरत शिक्षक तथा विद्यार्थीहरुमा फरक सामाजिक परम्परालाई लिएर द्वन्द्व हुने गरेको पाइयो । विद्यालयभित्र अध्ययनरत विद्यार्थीहरु ब्राह्मण, गुरुङ, मगर, दलित, याक्खा, शेर्पा भएकोले उनीहरुका फरक सामाजिक मुल्य मान्यता हुने भएकोले एकआपसमा उनीहरुको व्यवहार नमिलेको देखिन्छ । जसले गर्दा विद्यालयमा जातीय धार्मिक रुपमा भेदभाव हुने गर्दछ । यो समस्या विद्यार्थीमा मात्र नभएर शिक्षक र समुदायमा पनि यसको प्रभाव अहिलेसम्म पनि विद्यमान भएकोले विद्यालयमा द्वन्द्व भएको पाइयो । विद्यालयमा कतिपय विद्यार्थी एक अर्को समाज र साँस्कृतिक नक्कल पनि गर्ने गरिरहेका हुन्छन् । जसले विद्यालयमा विद्यार्थीहरुले साथी समुह निर्माण गरी सामाजिक भाषिक तथा जातिगत रुपमा विभाजित भई एक आपसमा द्वन्द्व गर्ने गरेको पाइयो । यसै सन्दर्भमा शान्ति मावि र

सिंहेश्वरी मावि का अभिभावकसँग गरिएको सामुहिक छलफलमा उहाँहरुले निकाल्नु भएको निष्कर्ष थियो :

> विद्यालयमा शिक्षक र विद्यार्थीका बीचमा स्थानीय र वाह्य परिवेशको भनी भेदभाव गर्ने ,दुवैमा हुने भाषिक समस्याका आधारमा विभेद हुने , साँस्कृतिक मुल्य मान्यता नमिल्ने गरेको देखिन्छ । विद्यालयमा दलित र गैरदलितका बीचमा पनि विभेदको वातावरण सिर्जना गरेको पाईन्छ । महिला र पुरुषकाबीचमा पनि विभेदको वातावरण सिर्जना हुने गरेकोले विद्यालयमा सामाजिक रुपमा द्वन्द्व हुने गरेको छ ।

विद्यालयमा स्थानीय र वाह्य गरी शिक्षकहरुका बीचमा एकआपस फरक व्यवहार गर्ने परिपाटीको विकास भएको पाइन्छ । स्थानीयभाषा र वाह्य शिक्षकको भाषामा फरक हुदा विद्यार्थीमा बुझ्न गाह्रो भएको पाइयो । जस्तै मधेसी शिक्षकले पहाडमा शिक्षण गर्दा विद्यार्थीहरुमा भाषिक समस्या हने गरेकोले उनीहरुका बीचमा मतभेद हुने गरेको पाइयो । विद्यालयमा समाजमा हुने महिला र पुरुषबीच हुने भेदभावको प्रभाव पनि परेको पाइयो । केटीहरुले समाजमा केही गर्न नसक्ने, घरायसी कामकाजमा व्यस्त हुनुपर्ने भएकाले विद्यालयमा आउँदा तनावमा आउँने हुदा यसको असर विद्यालयमा पर्ने गरेकोले विद्यालयमा द्वन्द्व हुने गरेको पाइयो । यसै सन्दर्भमा सिंहेश्वरी माविका शिक्षक देविमाया चापागाँई ले भन्नुभयो :

> समाजमा महिला र पुरुषको बीचमा हुने लैङ्गिक विभेदबाट नै समाजमा एकले अर्को पक्षलाई कमजोर ठान्ने, महिलाहरुलाई पढाउँनु हुदैन भन्ने, घरायसी काममा व्यस्त वनाउँने गरेकोले विद्यालयमा द्वन्द्वको विकास हुन्छ ।

विद्यालयमा छात्रहरुको तुलनामा छात्रालाई बढि भेदभाव हुने गरेकोले यो समस्या आएको पाइन्छ । विद्यालयमा शिक्षणका क्रममा स्वास्थ्य सम्वन्धि महत्वपूर्ण विषयहरु पढाउँदा छात्राहरुलाई कक्षामा बस्न नदिने, घरपरिवारले पनि विद्यालयमा नपठाउने गरेको पाइयो ।

यी भनाइ प्रति शान्ति माविका शिक्षकहरुले पनि सहमति जनाउनु भएको थियो । उहाँहरुले पनि समाजमा भेदभावरहित समाजको निर्माण गर्न सकेमा विद्यालयमा पनि यो समस्या नहुने प्रतिक्रिया दिनु भयो । यसैगरी दुवै विद्यालयका प्रधानाध्यापक रमेश कुमार श्रेष्ठ र उदय कुमार श्रेष्ठ को भनाई यस्तो थियो :

> विद्यालयमा लागु गरिएको पाठ्यक्रममा सबै समुदायको भाषा सँस्कृति तथा सामाजिक परम्परालाई समेट्ने विषयवस्तु नराखिनु, सङ्खुवासभामा पढाउँने पाठ्यपुस्तकमा काठमाडौको साँस्कृतिक सम्पदाको विषयवस्तु राखिनु भन्दा यहिको विषयवस्तु समावेश गरिएको हुनु पर्ने र यहि समाजको स्थानीय चाडपर्वमा पनि सार्वजनिक विदाको व्यवस्था सरकारी स्तरमै नभए पनि विद्यालय व्यवस्थापन समितिले स्थानीय विदा दिने व्यवस्था गर्न नसकेको कारण विद्यालयमा सामाजिक रुपबाट द्वन्द्व हुने गर्दछ ।

विद्यालयमा लागु भएको पाठ्यक्रमले आफ्नो समाज, समुदायको आवश्यकता र सामाजिक परम्परालाई समेट्न नसकेको कारणले गर्दा विद्यालयमा यस कारणबाट द्वन्द्व भएको पाइयो । विद्यालयको स्थलगत अध्ययनका क्रममा विद्यालयमा स्थानीय चाडपर्वमा पनि विदा नहुने, स्थानीयसाँस्कृतिक सम्पदाको लागी विद्यालयमा शिक्षणको व्यवस्था नभएकोले तथा समाजको मुल्य मान्यता र सँस्कृति माथी विद्यालयबाट कुनै असर पर्ने क्रियाकलाप भएमा द्वन्द्व सिर्जना हुन्छ । भट्ट (२०६८) का अनुसार समाजको फरक फरक संरचना अनुसार त्यहाँ बसोबास गर्ने मानिसहरुको सामाजिक साँस्कृतिक रीतिरिवाज जातिगत तथा भाषागत कारणले गर्दा विद्यालयमा द्वन्द्व हुने कुरा उल्लेख गरिएको छ । मेरो अनसन्धानले विद्यालयमा हुने सामाजिक विभेद धार्मिक लैङ्गिक, भाषिक विभेदले स्थानीय बासीहरूको सामाजिक अवस्थाले द्वन्द्व हुने कुरा खोजिएको छ । कार्लमाक्स ( १८१८) को अन्तरविरोधको सिद्दान्त अुनसार समाजमा हुने फरक सामाजिक आर्थिक विचारका कारण मानिसमा सिर्जनाहुने अन्तरद्वन्द्वबाट समाजमा द्वन्द्व हुन्छ भने झै मेरो अध्ययनमा समाजमा विद्यामान सामाजिक परम्पराले सबै समाजका मानिसहरुको विचारलाई

समेट्न नसक्ने र कसैको विचार परम्परा पनि फरक हुने भएकोले विद्यालयमा सामाजिक कारणबाट द्वन्द्व हुने कुरा उल्लेख गरिएको छ ।

### ४.२.३ दलीय राजनीतिक कारणबाट विद्यालयमा हुने द्वन्द्व

विद्यालयमा दलीय राजनीतिक कारणले गर्दा द्वन्द्व सिर्जना हुने गरेको पाइयो । नमुना छनोटमा परेका दुईवटा विद्यालयहरु श्री सिंहेश्वरी मावि र शान्ति माविमा पनि यसको प्रभाव परेको देखिन्छ । विद्यालयमा शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, भौतिक संरचनाको निर्माण विद्यालयको व्यवस्थापन समितिको गठन प्रक्रियाको क्रममा विद्यालयमा दलीय राजनीतिको प्रभाव बढि पर्ने भएकोले विद्यालयमा आपसी मतभेदको वातावरण सिर्जना हुने गरेको र यसबाट नै विद्यालयमा द्वन्द्व हुने गरेको पाइयो । यसै सन्दर्भमा नमुना छनोटमा परेका विद्यालयका प्रअ श्री रमेशकुमार श्रेष्ठ र उदयकुमार श्रेष्ठको भनाई थियो :

> विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन हुदा दलीय राजनीतिक रुपमा गठन हुने गरेकोले विद्यालयमा कर्मचारी नियुक्ति, भौतिक सँरचनाको निर्माण,विद्यालयमा शिक्षकका लागी प्रदान गरिने तालिममा पनि व्यवस्थापन समितिले आफ्ना मान्छेलाई सिफारिस गर्ने गरेको कारण ले गर्दा विद्यालयमा फरक दलका शिक्षक तथा व्यवस्थापन समितिका बीचमा विवाद हुन्छ । जसको असर विद्यालयमा पनि परेको छ ।

उक्त भनाइलाई विश्लेषण गर्दा विद्यालयमा शैक्षिक समस्या भन्दा पनि दलीय राजनीतिक समस्या बढि आउने गरेकोले विद्यालयमा शैक्षिक विकास हुन सकेको देखिदैन । विद्यालयमा व्यवस्थापन समिति र शिक्षकहरुमाथि पक्षपात पुर्ण व्यवहार गरिएको पाइयो । विद्यालयमा भौतिक संरचना निर्माणमा पनि दलीय प्रतिनिधिको सहभागिता भन्दै विवाद हुने भएकोले विद्यालयको शैक्षिक वातावरणमा समेत नकारात्मक प्रभाव पर्ने गरेको छ । यसै सन्दर्भमा शान्ति माविका प्रअ रमेशकुमार श्रेष्ठको को भनाइ थियो :

> विद्यालयमा शिक्षकहरु व्यवस्थापन पक्षको पक्ष विपक्षमा लागी राजनीतिक वकालत गर्ने गरेकोले विद्यालयमा समस्या सिर्जना भएको छ

> । यसका अलवा विद्यालयमा शिक्षकहरु कक्षामा नियमित नहुने नियमित भए पनि दलको संरक्षणमा बस्ने र तलवमात्र खाने, विद्यालयमा शैक्षिक कार्यक्रम निर्माण गर्दा राजनीतिक दलको स्वीकृति लिनुपर्ने भएकाले विद्यालयमा द्वन्द्व हुन्छ ।

विद्यालयमा शिक्षकहरु व्यवस्थापन समितिको पक्ष विपक्षमा लागी समय बिताउने गरेकोले शिक्षण सिकाइमा अवरोध सिर्जना हुनेगरेको छ । विद्यालयमा विभिन्न राजनीतिक विचारधाराप्रति आस्थावान शिक्षक तथा कर्मचारीहरु आ-आफ्नै राजनीतिक स्वार्थका पछि लाग्ने भएकोले विद्यालयमा आफ्नो स्वार्थ पुरा गराउन नीति तथा कार्यक्रम बनाउदा भरपुर आफ्नो पक्षमा बनाउँन लाग्ने भएकोले विद्यालयमा द्वन्द्व हुने गरेको पाइयो । विद्यालयमा हुने राजनीतिक चलखेलको प्रभावबाट विद्यालय पनि अछुतो छैन भन्ने कुरामा दुवै विद्यालयमा गरिएको अभिभावकसँगको छलफलमा जानकारी पाइयो । यसै सन्दर्भमा सिंहेश्वरी.माविका शिक्षक लाखबहादुर पौडेलको भनाइ थियो :

> प्रधानाध्यापकले विद्यालयमा नातावादका आधारमा शिक्षक कर्मचारीलाई सेवा सुविधा वितरण गर्ने गरेको पाइन्छ । प्रधानाध्यापकले शिक्षकलाई नियन्त्रण गर्ने, विद्यालय प्रशासन तथा लेखासँग मिलेर आर्थिक अनियमितता गर्ने गरेको पाइन्छ ।

दलीय राजनीतिक संरक्षण र आ-आफ्नो विद्यालय चलाउन पाएको अधिकारका कारण प्रधानाध्यापकले अधिकारको दुरुपयोग गरेकोले विद्यालयमा शिक्षक र प्रधानाध्यापकका बीचमा पनि राम्रो सम्बन्ध नभएको देखियो यसको एउटै मात्र प्रभाव हो राजनीति जसले विद्यालयमा कार्यरत शिक्षकहरुमा वैयक्ति फरकपना ल्याईदिएकोले द्वन्द्व भईरहेको पाइयो । यस भनाइप्रति दुवै विद्यालयमा अध्ययनरत ८ जना विद्यार्थी उत्तरदाताले सहमति जनाएका थिए । अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार विद्यालयमा कार्यरत केहि शिक्षकहरु विद्यालयमा भन्दा धेरै समय राजनीतिक दलको काममा बिताउने गरेकोले विद्यालयमा कार्यरत शिक्षकहरु असन्तुष्ट रहेको देखियो । जसको कारण शिक्षकहरुमा पनि राजनीतिक भेदभाव हुने गरेको पाइयो । भण्डारी (२०६७) का अनुसार विद्यालमा राजनीतिक दलको

नकारात्मक प्रभावले गर्दा विद्यालयमा प्रधानाध्यापक तथा शिक्षकहरुबाट अधिकारको गलत प्रयोग हुन गई राम्रा शिक्षक तथा कर्मचारीहरु पनि विद्यालयबाट हात धुनुपर्ने, भौतिक संरचानामा अवरोध सिर्जना हुने भएकोले विद्यालयमा द्वन्द्वको विकास भएको उल्लेख गरिएको छ । मेरो अध्ययनमा दलीय राजनीतिक हस्तक्षेपले गर्दा विद्यालयमा मतभेद सिर्जना भएको देखाइएको छ । कार्लमाक्स (१८१८ ) को अन्तरविरोधको सिद्दान्त अनुसार एउटै वर्गमा हुने अन्तरविरोधहरु ले शत्रुतापुर्ण विरोध गरी आपसी वैभव, शंका, इर्ष्या, डाहा अपराध, झै भगडाका आधारमा द्वन्द्व हुने कुरा उल्लेख गरिएको छ । मेरो अध्ययनमा राजनीतिक दलको कारणले समाजमा राम्रा भन्दा पनि हाम्रा ले प्राथामिकता पाउने, विद्यालयमा आर्थिक अनियमिता हुने गरेकोले फरक विचारका आधारमा विद्यालयमा द्वन्द्व हुने कुरा खोजिएको छ ।

## ४.३ विद्यालयमा द्वन्द्व व्यवस्थापन प्रक्रिया

माध्यमिक विद्यालयमा हुने द्वन्द्वले विद्यालयमा सकारात्मक र नकारात्मक असर पार्ने गरेको पाइयो । अध्ययनकर्ताको अध्ययनबाट मादयमिक विद्यालयमा हुने द्वन्द्वले विद्यालयमा कार्यरत सबै पक्षलाई संयमित र अुनशासित बनाएको देखिन्छ । जसको कारणले विद्यालयमा नकारात्मक भन्दा पनि सकारात्मक र रचनात्मक विकास हुने गरेको अध्ययन ले देखायो । यसरी विद्यालयमा हुने द्वन्द्वको व्यवस्थापन कसरी गर्ने गरिएको छ भनी नमुना छनोटमा परेका विद्यालयमा खोजी गरिएको थियो उक्त विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई यसरी व्यवस्थापन गर्ने गरिएको पाइयो ।

### ४.३.१ छलफल

मादयमिक विद्यालयमा हुने द्वन्द्वले विद्यालयको शैक्षिक वातावरणमा प्रभाव पार्ने भएकोले विद्यालयमा कायरत सबै शिक्षकहरु, विद्यालय प्रशासन, अभिभावक र विद्यालय व्यवस्थापन समितिको सहयोगमा विद्यालयमा देखापरेका आपसी मनमुटावलाई द्वन्द्वरत पक्षको आपसी छलफल तथा समुहिक छलफल  गरी व्यवस्थापन गर्ने गरेको पाइयो । अध्ययन गरिएका दुवै विद्यालय सिंहेश्वरी मावि र शान्ति मावि मा सबैको सहयोग र समन्वयमा  उपयुक्त वातावरणको निर्माण गरि द्वन्द्वरतपक्षसँग आपसी छलफल गरी विद्यालयमा देखापरेका समस्यालाई व्यवस्थापन गर्ने गरेकोले विद्यालयको भौतिक शैक्षिक

वातावरणको गुणस्तर सुधार भएको विद्यालयका प्रधानाध्यापक रमेशकुमार श्रेष्ठ र उदयकुमार श्रेष्ठ ले जानकारी दिनुभयो । यस सन्दर्भमा दुवै विद्यालयका शिक्षकसँग गरिएको अन्तर्वार्तामा उहाहरुले दिनु भएको प्रतिक्रिया थियो :

> विद्यालयमा शिक्षक, विद्यार्थी, अभिभावक तथा राजनीतिक दलको आपसी छलफलमा विद्यालयमा देखापरेका समस्याहरुलाई विवाद नगरीकन व्यवस्थापन गर्ने गरिएको छ । यसमा सबैको आपसी सहयोग र समन्वय हुने हुदा विद्यालयमा पनि शैक्षिक वातावरण राम्रो भएको छ । शिक्षणमा पनि सहकार्य हुने गरेकोले एकले अर्कोको समस्यामा मिलेर काम गर्ने गरेको देखिन्छ ।

विद्यालयमा सबैसँगको रायपरामर्शमा द्वन्द्व व्यवस्थापन गर्ने गरिएको पाइयो । जसको कारण विद्यालयमा सबैसँगकोसम्बन्ध सुधार भएको छ । विद्यालयमा शैक्षिक सामग्री , भौतिक संरचना को व्यवस्थापन भएको छ । यी कुराहरुप्रति दुवै विद्यालयका ८ जना अभिभावकले पनि सहमति जनाउनु भएको थियो । विद्यालयमा अहिले प्रशासनले सबैको व्यवस्थापन गर्न प्रति चासो देखाउने गरेको विद्यालयमा अध्ययनरत विद्यार्थीको भनाइ थियो । के.सी. (२०६४) का अनुसार, विद्यालयमा हुने द्वन्द्वलाई विद्यालय प्रशासनले प्रशिक्षार्थीको सहयोगमा सम्पुर्ण द्वन्द्वरत पक्षसँग आपसी छलफल गरी विद्यालयमा उनीहरुको मागको व्यवस्थापन का प्रक्रिया अवलम्बन गरेमा विद्यालयमा द्वन्द्व व्यवस्थापन हुने उल्लेख गरिएको छ । मेरो अध्ययनमा विद्यालयमा देखापरेका समस्यालाई विद्यालयमा कार्यरत शिक्षक, विद्यार्थी र अभिभावकको त्रिपक्षीय सहयोगमा व्यवस्थापन गर्ने गरिएको उल्लेख छ । फोलेटको मानव सम्बन्धको सिद्दान्त (सन् १९५०) का अनुसार कुनै पनि संगठनमा काम गर्नेहरुका बीचमा राम्रो सम्बन्ध भएमा सबैको आपसी छलफल सम्पर्क र समन्वयका आधारमा सबैको भावना वुझ्रेर अगाडी बढनु पर्नेमा जोड दिएको पाइन्छ । त्यस्तै मेरो अनुसन्धानमा पनि दुईवटै विद्यालयमा सबैको सामुहिक छलफल र समन्वयमा विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई व्यवस्थापन गरी विद्यालय सञ्चालन गर्ने गरेको पाइयो ।

## ४.३.२ संवादको थालनी

संवादको माध्यमबाट पनि विद्यालयमा द्वन्द्व व्यवस्थापन हुने गरेको पाइयो । संवादका माध्यमबाट विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुमा असहतिका बुँदामा विद्यालय प्रशासक र असन्तुष्ट पक्षका बीचमा संवाद गरी द्वन्द्व व्यवस्थापन गर्न सहयोग पुर्याउछ । मेरो अनुसन्धानमा पनि अध्ययन गरिएका दुवै विद्यालयमा संवादको माध्यमबाट द्वन्द्व व्यवस्थापन गर्ने गरिएको पाइयो । कक्षागत रुपमा सिर्जना भएका शिक्षण सिकाइका समस्याहरु शिक्षकहरुको सहयोग व्यवस्थापन गर्ने प्रशासनसँगका समस्याहरु प्रशासन, शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा संवाद गर्ने, विद्यालयका समस्यालाई लिएर विद्यालय व्यवस्थापन समिति तथा स्रोतव्यक्तिसँग संवादको वातावरण सिर्जना गरी द्वन्द्व व्यवस्थापन गर्ने गरेको पाइयो । यसबाट विद्यालयको शैक्षिक व्यवस्थापनको विकास हुनुका साथै शिक्षण सिकाइ क्रियाकलाप पनि गुणस्तरीय भएको पाइयो ।

विद्यालयको स्थलगत अध्ययनको क्रममा विद्यालयमा प्रधानाध्यापक तथा शिक्षकहरुसँग गरिएको अन्तर्वार्तामा उहाँहरुले विद्यालयमा सबैको सहयोग सल्लाहमा सबैपक्षसँग भएका समस्यामाथि संवाद गरी समस्या समाधान गर्ने गरेको बताउनु भयो । समग्रमा विद्यालयमा शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीकाबीचमा हुने द्वन्द्वको कारण पत्ता लगाई त्यस सम्बन्धमा दुवै पक्षको आपसी सहयोगमा संवाद गरी द्वन्द्व व्यवस्थापन गर्ने गरिएको पाइयो । श्रेष्ठ (२०६८) का अनुसार विद्यालयमा सिर्जना हुने द्वन्द्वहरु विरोधको लागी नभई सुधारका लागी हुने भएकोले विद्यालयमा द्वन्द्वरत पक्षसँग आपसी संवादको माध्यमबाट अन्तर्क्रिया गोष्ठी सञ्चालन गरी व्यवस्थापन गर्नुपर्ने उल्लेख गरिएको छ । मेरो अध्ययनले विद्यालयमा द्वन्द्व के कारणले भएको हो ? त्यसको बारेमा विद्यालयमा सबैसँग संवाद गरी व्यवस्थापन गर्ने गरेको उल्लेख छ । फोलेटको मानव सम्बन्धको सिद्दान्त (सन् १९५०) का अनुसार संगठनमा कार्यरत कर्मचारीका बीचमा सम्पर्क समन्वय र छलफल गरी समस्यालाई व्यवस्थापन गर्न सकेमा संगठनमा उत्पादकत्व बढाउँन सकिने करा उल्लेख गरिएको छ । मेरो अध्ययनमा विद्यालयमा पनि शिक्षक कर्मचारी र विद्यार्थीका समस्यालाई उनीहरुकै सहमतिमा संवादको माध्यमबाट व्यवस्थापन हुने गरेको उल्लेख छ ।

### ४.३.३ सुचना तथा सञ्चारको प्रयोग

विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई सुचना तथा सञ्चारको प्रयोग गरी व्यवस्थापन गर्ने गरिएको पाइयो । यसले विद्यालयमा कार्यरत सबैपक्षलाई समयमै जानकारी प्रदान गरी उचित समयमै समस्या समाधानका लागी जानकारी प्रदान गर्न सजिलो हुने गरेको विद्यालयका प्रधानाध्यापको भनाइ थियो । नमुना छनोट गरी अध्ययन गरिएका विद्यालय श्री सिंहेश्वरी मावि मुढे र शान्ति मावि तेल्लोकमा पनि विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई सार्वजनिक गर्दा विद्यालयका लागी अहित हुने कुरातर्फ सदैव ख्याल गर्नुपर्दछ । यसकारण व्यवस्थापन गर्दा पनि विद्यालयमा सञ्चारको प्रयोग गोप्य रुपमा पनि प्रयोग गर्ने गरिएको पाइयो । यसै सन्दर्भमा शान्ति माविका शिक्षक अर्जुन राई को भनाई थियो :

> विद्यालयमा भईरहेका द्वन्द्वलाई द्वन्द्वरत पक्षसँग आवश्यक सुचना प्रवाह गरी उनीहरुलाई सम्पर्कमा ल्याई समस्याको कारण पत्ता लगाउन सकिन्छ । साथै विद्यालयमा सिर्जना भएका द्वन्द्वलाई समधानको निम्ति विद्यालयमा सबैको सहभागितामा कार्याशालाको सञ्चालन गर्न पनि सञ्चार माध्यमको प्रयोग गरी विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्न सजिलो हुने गरेको छ ।

यसरी विद्यालयमा हुने द्वन्द्वलाई सुचनाको आधारमा पनि व्यवस्थापन गर्न सकिने रहेछ । विद्यालयमा लामो समयसम्म चलिरहेको द्वन्द्वलाई जिल्ला शिक्षा कार्यालयको सुचनाको आधारमा पनि व्यवस्थापन गर्ने गरेको पाइयो भने विद्यालयमा पनि सञ्चारको माध्यमबाट सबैलाई आवश्यक सुचना प्रवाह गरी समस्याको व्यवस्थापन गर्ने गरेको देखियो । यसै सन्दर्भमा सिंहेश्वरी माविमा पनि सुचना तथा सञ्चारको प्रयोग गरी आवश्यक जानकारी प्राप्त गरी विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्ने गरिएको पाइयो । विद्यालयमा सिर्जना भएका द्वन्द्वलाई विद्यालय प्रशासकले आफुभन्दा माथिल्ला तहका द्वन्द्व व्यवस्थापककहाँ सुचना तथा सञ्चारको माध्यमबाट प्रवाह गरी उनीहरुकै उपस्थितिमा नै द्वन्द्वलाई व्यवस्थापन गर्ने गरिएको पाइयो । श्रेष्ठ र कोईराला (२०६८) का अनुसार विद्यालयमा हुने द्वन्द्व विरोधका लागी नभई सुधारका लागी हुने भएकोले विद्यालयमा सिर्जना भएका द्वन्द्वलाई सबैको आपसी सहयोग र समन्वयमा विभिन्न अन्तरक्रिया, सेमिनार, गोष्ठिका आधारमा

व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ । मेरो अनुसन्धानमा विद्यालयमा हुने द्वन्द्वलाई सुचना तथा सञ्चारको प्रयोगमा सबैको आपसी समन्वयमा व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ । फोलेटको मानव सम्बन्धको सिद्दान्त (सन् १९५०) का अनुसार संगठनमा काम गर्ने कामदारका बीचमा प्रारारम्भिक अवस्थादेखि नै आपसी छलफल  समन्वय र सम्पर्क गर्ने सकेमा संगठनमा उत्पादकत्व वृद्दि गर्न सकिने उल्लेख छ । मेरो अध्ययनले विद्यालयमा पनि सबै  शिक्षक तथा कर्मचारीका बीचमा देखापरेका समस्यालाई सुचना तथा सञ्चारको माध्यमबाट आपसी छलफल र समन्वयमा व्यवस्थापन गर्ने गरिएको उल्लेख गरिएको  छ ।

## ४.३.४ मानवस्रोत र उचित पारिश्रमिकको व्यवस्था

मेरो अनुसन्धानमा विद्यालयमा सिर्जना हुने द्वन्द्वको पहिचान गरी विद्यालयमा चाहिने आवश्यक मानवस्रोतको व्यवस्था गरी उनीहरुका निम्ति आवश्यक पर्ने उचित पारिश्रमिकको व्यवस्था गरी द्वन्द्व व्यवस्थापन गर्न विद्यालयभित्र सबै शिक्षक तथा कर्मचारीहरुका बीचमा आपसी छलफल संवाद र विचार विमर्श जस्ता प्रक्रियाहरु सञ्चालन गर्ने गरेको पाइयो । जसले विद्यालयमा सबैको सामुहिक प्रयासमा द्वन्द्व व्यवस्थापन गर्न सकिदो रहेछ । विद्यालयमा द्वन्द्व व्यवस्थापन प्रक्रियाको रुपमा मानवस्रोत  र उचित पारिश्रमिकको व्यवस्थाका सम्बन्धमा सिंहेश्वरी.माविका शिक्षक लाखबहादुर पौडेलले भन्नुभयो :

> विद्यालयमा कार्यरत कर्मचारीहरुको लागी प्रयाप्त मात्रामा सेवासुविधाको व्यवस्था गरिएको हुनपर्छ । सेवा सुविधा मान सम्मानका साथमा दक्ष सीपयुक्त र कुशल मानव स्रोतको व्यवस्थाका आधारमा विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ ।

विद्यालयमा आवद्ध व्यक्तिलाई पेशा गर्नुपर्ने कार्य योजनाबद्ध ढङ्गले कुशलतापुर्वक सम्पादन गर्नुपर्ने भएकोले विद्यालयमा मानवस्रोतको व्यवस्था आवश्यक पर्दछ । राम्रो मानव स्रोतको व्यवस्थाको लागी विद्यालयमा कार्यरत सम्पुर्ण पक्षलाई उत्प्रेरित गर्न सेवा सुविधाका साथै उचित पारिश्रमिकको व्यवस्था भएमा विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्ने सकिदो रहेछ । यसका साथै विद्यालयमा विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति र अभिभावकको सामुहिक सहभागिता र छलफलबाट विद्यालयमा देखापरेका समस्याको समाधान गरी

विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई व्यवस्थापन गर्न सकिदो रहेछ भन्ने कुरा छनोटमा परेको विद्यालयको तथ्यले देखायो । यस सन्दर्भमा शान्ति माविका शिक्षक अर्जुन राईको भनाइ थियो :

> विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावकका बीचमा पनि राम्रो सम्बन्ध छ । सबैको आपसी सहयोगमा विद्यालयमा देखापरेका समस्या समाधान गर्ने गरेको पाइन्छ । यस्ता समस्या मध्ये विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीका लागी योग्यता र काम अनुसारको पारिश्रमिकको व्यवस्था गरेर पनि विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ ।

विद्यालय अन्य संगठनभन्दा फरक प्रकृतिको संगठन भएकोले विद्यालय सञ्चालन गर्ने सन्दर्भमा राम्रो छवि भएका नेतृत्व गर्न सक्ने आपसी सहयोग र सम्बन्ध विस्तार गर्न सक्ने मानवस्रोतको व्यवस्था विद्यालयमा हुनु पर्दछ । समयको परिवर्तनसँगै विद्यालयमा कार्यरत कर्मचारीहरुले पनि विभिन्न आवश्यकता र चुनौतिसँग जुध्नु पर्ने भएकोले उनीहरुको लागी काम अनुसारको पारिश्रमिकको व्यवस्था विद्यालयले गर्ने गरेको पाइयो । फोलेटको मानव सम्बन्धको सिद्दान्त (सन् १९५०) का अनुसार संगठनको उत्पादकत्व बढाउन संगठनमा कार्यरत कर्मचारीको आपसी समन्वयमा उनीहरुले  गर्ने कार्यसम्पादनको आधारमा पारिश्रमिकको व्यवस्थापन गर्न सकेमा संगठनमा उत्पादकत्व वढाउँन सकिने कुरा उल्लेख गरेकी छन् । मेरो अध्ययनमा पनि विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई उनीहरुको योग्यता अनुसारको पारिश्रमिकको व्यवस्था गर्न सकेमा विद्यालयको शैक्षिक वातावरणप्रति उत्प्रेरित गर्न सकिन्छ । जसबाट विद्यालयमा राम्रो र गुणस्तरीय मानवस्रोतको व्यवस्था गरी विद्यालयमा देखापरेका समस्यालाई व्यवस्थापन गर्ने गरिएको पाइयो ।

## ४.३.५ शिक्षण सिकाइमा द्वन्द्व व्यवस्थापनको प्रभाव

मेरो अनुसन्धानले विद्यालयभित्र सिर्जना हुने द्वन्द्वलाई सरोकारवाला सबैको आपसी सहयोग र समन्वयमा विद्यालयभित्रै  विभिन्न प्रक्रियाहरु, छलफल, संवाद, सुचना तथा सञ्चारको प्रयोग, प्रशिक्षण,कार्यशाला र विचार विमर्शजस्ता प्रक्रियको आधारमा व्यवस्थापन

गर्ने गरेकोले यसले विद्यालयमा सबैप्रति सकारात्मक प्रभाव देखायो । द्वन्द्व व्यवस्थापनको प्रभावका सम्बन्धमा सिंहेश्वरी माविका प्रअ उदयकुमार श्रेष्ठ को भनाइ थियो :

> विद्यालयमा सिर्जना भएका द्वन्द्वलाई सबैको आपसी सहयोग समन्वयमा छलफल, भेला तालिम वा प्रशिक्षणबाट व्यवस्थापन गर्ने भएकोले विद्यालयमा शिक्षक कर्मचारी र अभिभावकमा राम्रोसम्बन्धको विकास भएको छ । जसले विद्यालयको शिक्षण सिकाइमा गुणस्तरमा विकास भएको छ ।

विद्यालयमा जुन सुकैसमयमा पनि देखापर्ने समस्यालाई विद्यालय प्रशासनले कुशलतापुर्वक व्यवस्थापन गर्ने क्षमताको आवश्यकता पर्दछ । विद्यालयमा गुणस्तर सुधार गर्न सबै पक्षको व्यवस्थापन पनि महत्वपुर्ण हुन्छ । विद्यालयमा सबै पक्षको व्यवस्थापन उपयुक्त तरिकाले हुने गरेकाले विद्यालयमा सबैसँगकोसम्बन्धमा विकास भएको छ । सबैमा आपसी सहयोगी भावनाको विकास भएको पाइयो । यसै सन्दर्भमा शान्ति माविका प्रअ रमेशकुमार श्रेष्ठ को भनाइ थियो :

> विद्यालयमा शिक्षण सिकाइमा गुणस्तर विकास भएको छ । विद्यालयमा शिक्षक तथा विद्यार्थीहरु नियमित हुने गरेकोकारणले गर्दा विद्यालयको शैक्षिक उपलब्धीमा पनि वृद्धि भएको छ भने विद्यालयको एसएलसी नतिजामा पनि राम्रो हुने गरेको छ। शिक्षकहरुमा पनि सहयोगी भावनाको विकास भएको छ । सबैको समन्वयमा विद्यालयमा द्वन्द्व व्यवस्थापन हुन्छ । यसले विद्यालयको शिक्षण सिकाइप्रति सकारात्मक प्रभाव पारेको छ ।

सिंहेश्वरी.माविका प्रअ उदय कुमार श्रेष्ठको भनाई शान्ति मावि तेल्लोकका प्रअसँग मिल्दो थियो । विद्यालयमा द्वन्द्व निरन्तर चलिरहने प्रक्रिया भएकोले यसको व्यवस्थापन गर्दा विद्यालयको समग्र पक्षको विकास हुदो रहेछ । विद्यालयमा कार्यरत कुन पक्ष केप्रति असहमत छ यसकोसम्बन्धमा आपसी छलफल गरी समस्या समाधान गर्न सहयोग गर्दारहेछन् । तसर्थ विद्यालयमा हुने द्वन्द्वलाई विद्यालयले ठिक समयमा व्यवस्थापन गर्ने

गरेकोले यसले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्ने गरेको देखायो । यसै सन्दर्भमा सिंहेश्वरी मावि र शान्ति माविका शिक्षक लाखबहादुर पौडेल र अर्जुन राईको भनाइ थियो :

> शिक्षण सिकाइमा द्वन्द्व व्यवस्थापनको नकारात्मक प्रभाव पनि पर्ने गरेको छ । विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्ने क्रममा उपयुक्त मानवस्रोत भन्दा पनि कहिले काँहि योग्य नभएको मानवस्रोतको व्यवस्था हुने गरेको छ । यसले विद्यालयमा नराम्रो प्रभाव पनि पार्ने सक्छ । तसर्थ विद्यालयमा शिक्षक प्रअ ले यस प्रति ध्यान पुयाउनु पर्दछ । कहिले काही प्रअले राम्रो भन्दा पनि हाम्रो मान्छेको व्यवस्थापन गर्ने गरेको हुन्छ ।

शिक्षण सिकाइमा व्यवस्थापनको राम्रो प्रभाव पर्दछ भन्ने हुदो रहेनछ कहिले काहिँ द्वन्द्व व्यवस्थापन गर्ने क्रममा उपयुक्त मानवस्रोतको व्यवस्था हुन नसकेमा यसले विद्यालयमा शिक्षण सिकाइमा अवरोध सिर्जना गर्ने गरेको पाइयो । यसकारण विद्यालयमा राम्रो शैक्षिक वातावरणको विकास गर्न प्रतिस्पर्धात्मक रुपबाट विद्यालयको मानवस्रोतको व्यवस्था गर्नुपर्दछ । जसको कारण विद्यालयमा राम्रो शैक्षिक गुणस्तरको विकास हुन्छ भन्ने कुरा यस अध्ययनले देखायो । यसै सन्दर्भमा शान्ति माविका विद्यार्थी गिरीराज कार्कीको भनाइ यस्तो थियो :

> विद्यालयमा द्वन्द्व कम हुने भएकाले विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुमा नियमितता हुने गरेको छ । विद्यालयमा सबैसँग आपसी मेलमिलापको वातावरण सिर्जना भएको छ । शिक्षक विद्यार्थी र अभिभावकबीचको सम्बन्ध पनि सहयोगात्मक छ भने विद्यालयप्रति सरोकारवाला पक्षको  राम्रो दृष्टिकोण रहेको छ । जसले गर्दा विद्यालयमा शैक्षिक वातावरणमा समेत गुणस्तर विकास भएको छ ।

विद्यालयमा हुने द्वन्द्वको व्यवस्थापन भएपछि शिक्षकहरुमा नियमितता, समस्या समाधानमा सहयोगात्मक भावनाको विकास भएको छ । जसको कारण विद्यालयप्रति समुदायको पनि विश्वास बढेको छ । अध्ययन गरिएका विद्यालयमा द्वन्द्व व्यवस्थापन भएपछि विद्यलयमा सबै शिक्षकहरु नियमित हुने गरेको उल्लेख गरिएको छ । विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग, नयाँ शैक्षिक विधिको प्रयोग गरी सबैको सामुहिक सहयोगबाट विद्यालयमा

द्वन्द्व व्यवस्थापन हुने गरेकोले विद्यालयमा यसको प्रभाव सकारात्मक परेको छ । जसले गर्दा विद्यालयको भौतिक, शैक्षिक र आर्थिक विकासको लागि गैरसरकारी संघसंस्थासँग पनि सहकार्य गर्ने गरिएकोले विद्यालयको सबै पक्षमा राम्रो विकास भएको पाइयो । यसै सन्दर्भमा दुवै विद्यालयका विव्यस अध्यक्ष रामबहादुर खड्का  र ऋषिकेशब चपागाईको भनाइ थियो :

> विद्यालयमा शिक्षण सिकाइ वातावरण पहिले भन्दा  आधुनिक प्रणालीमा विकास भएको छ । विद्यालयमा शिक्षकहरुमा पनि सहयोगात्मक तरिकाले विद्यालयका समस्या समाधानमा पहल गर्ने गरेका छन् भने शिक्षण गर्दा वैज्ञानिक र प्रजातान्त्रिक प्रणालीको अवलम्बन गरिएको छ । विद्यालय प्रसासनसँगको सहयोगमा विद्यालयमा सबै क्रियाकलापमा सामुहिक सहभागिता हुने गरेको छ । जसले विद्यालयप्रति समुदायको विश्वास वृद्धि भएको छ ।

विद्यालयको शिक्षण सिकाइमा गुणस्तर विकास गर्न विद्यालय प्रशासनले पनि विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन गरी शिक्षण सिकाइप्रति विद्यार्थीलाई उत्प्रेरित  गर्ने व्यवस्था मिलाइएको पाइयो । विद्यालयमा शिक्षक स्टाफको सहयोगमा राम्रो कुरालाईमात्र राजनीतिक दलसँग सहकार्य गरी निर्णय लिने गरेको पाइयो । जसले गर्दा विद्यार्थी र अभिभावकहरुमा पनि विद्यालयप्रतिको विश्वासको वातावरण सिर्जना भएको कुरा अध्ययनले देखाउँछ । माथिका भनाइप्रति अध्ययन गरिएका विद्यालयमा सिंहेश्वरी मावि र शान्ति मावि का ८ जना अभिभावकहरुले पनि सहमति जनाउँनु भएको थियो ।

विद्यालयको सर्वाङ्गीण पक्षको विकास गर्न विद्यालयमा सबै पक्षहरु जस्तै : भैतिक पक्ष,आर्थिक पक्ष, तथा उपयुक्त मानव स्रोतको व्यवस्था भएकामा विद्यालयमा द्वन्द्व व्यवस्थापन हुने र यसले शिक्षण सिकाइमा राम्रो प्रभाव पार्ने गरेको पाइयो । शिवाकोटी (२०६८) का अनुसार द्वन्द्व समाज र संगठनमा सधै एकनासको नहुने भएकोले यसले सामाजिक, संरचना, मुल्य मान्यता र नागरिकको व्यवहारमा निर्भर रहने भएकोले यसले सिर्जनात्मक र विध्वसात्मक कार्य बीचको अन्तरको रुपमा काम भएकाले विद्यालयमा विद्यालयमा सकारात्मक र नकारात्मक द्वन्द्व हुन्छ र यसको प्रभाव विद्यालयमा पर्दछ भने झै मेरो अनुसन्धानमा विद्यालयमा हुने द्वन्द्वको विद्यालयमा कार्यरत मानवस्रोतको कमजोर व्यवस्थापनले गर्दा विद्यालयमा उनीहरुले प्राप्त गर्नु पर्ने सेवा, सुविधा, मानसम्मान र

सद्भावको कमिको कारणले गर्दा विद्यालयमा द्वन्द्व हुने गरेको र यसको प्रभाव शिक्षण सिकाइमा पर्ने गरेको देखायो । यसकारण भन्न सकिन्छ कि विद्यालयमा हुने द्वन्द्वलाई विद्यालय भित्रैबाट आपसी छलफल समन्वयव र सम्पर्कका आधारमा व्यवस्थापन गर्न सकेमा विद्यालयमा द्वन्द्वलाई हटाउन सकिदोरहेछ । फोलेटको मानवसम्बन्धको सिद्दान्त (सन् १९५०) ले भने झै संगठनमा काम गर्ने कर्मचारीका समस्याहरु के के छन् ति सबै समस्याहरुलाई उनीहरुकै आपसी छलफल सम्पर्क, समन्वयका आधारमा समाधान गर्दा संगठनको उत्पादकत्व बढाउन सकिन्छ भने झैं विद्यालयमा पनि सबै कर्मचारी तथा शिक्षकका समस्याहरुको उचित पहिचान गरी समस्याको समाधान उनीहरुकै सहभागितामा गर्न सकेमा विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ भन्ने देखायो ।

# परिच्छेद : पाँच
# निष्कर्ष र सुझाव

यस परिच्छेदमा अनुसन्धानको निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । अध्ययनको उद्देश्य अनुरुप माद्यमिक विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनबाट निम्न निष्कर्ष तथा सुझावहरु प्राप्त भएको छ ।

## ५.१ निष्कर्ष

विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई विद्यालयमा कार्यरत शिक्षक कर्मचारी अभिभावक र सरोकारवाला पक्षकोधारसँग आपसी छलफल सम्पर्क र समन्वयका आधारमा व्यवस्थापन गर्नु पर्दछ भन्ने निष्कर्ष निकालेको छ । जुन विद्यालयमा शिक्षण सिकाइका क्रममा प्रअ, शिक्षक, विद्यार्थी, विद्यार्थी-विद्यार्थी र विद्यालय व्यवस्थापन समितिबीचमा पनि द्वन्द्व हुने गरेको पाइयो । विद्यालयमा शिक्षक-शिक्षक बीचमा हुने द्वन्द्व, विद्यार्थी शिक्षकबीचमा हुने द्वन्द्व तथा अन्य सरोकारवाला पक्षबीचमा हुने द्वन्द्वले विद्यालयमा गुणस्तर विकासका लागी प्रतिस्पर्धात्मक वातावरण सिर्जना भएकोले विद्यालयमा सकारात्मक कुराको विकास हुने गरेको छ । यस्तै विद्यालयमा हुने राजनीतिक दलको हस्तक्षेपले विद्यालयमा शिक्षक विद्यार्थीमा त्रासको वातावरण सिर्जना हुने गरेको छ । विद्यालयमा आर्थिक स्रोतको अभाव र सामाजिक विविधताले गर्दा विद्यालयमा एक अर्को पक्षबीचमा भेदभावको वातावरण सिर्जना हुने गरेकोले विद्यालयमा द्वन्द्व हुदोरहेछ । जसले गर्दा विद्यालयको शिक्षण सिकाइमा प्रभाव पर्ने गरेको पाइयो । विद्यालयमा कार्यरत स्थायी अस्थायी राहत र निजिस्रोतका शिक्षकहरुमा पनि आपसी सहयोगको भावना भन्दा पनि अहमताको भावना भएकोले एक पक्षले अर्को पक्षलाई हेप्ने गरेको पाइयो। प्रधानाध्यापकले विद्यालयमा आर्थिक प्रवन्ध गर्न गैरसरकारी निकायसँग समन्वय नगर्ने तथा विद्यालय व्यवस्थापन समितिको मिलेमतोमा विद्यालयमा आर्थिक हिनामिना गर्ने गरेको कारण विद्यालयमा द्वन्द्व हुदो रहेछ । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा पनि पारिवारिक अवस्था, साँस्कृतिक अवस्थाका विषयमा पनि आपसी मतभेदको वातावरण सिर्जना हुने गरेको छ । यस्ता किसिमका समस्यालाई विद्यालयमा

शिक्षक स्टाफ, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको सामुहिक छलफलको माध्यमबाट व्यवस्थापन गर्ने गरेको पाइयो ।

विद्यालयमा द्वन्द्व सिर्जना गर्ने मुख्य कारण आर्थिक, सामाजिक र राजनीतिक दलको प्रभाव रहेका छन् । यी बाहेक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई मान-सम्मान तथा सदभावको कमिको कारणले पनि विद्यालयमा द्वन्द्व हुदो रहेछ । जसबाट विद्यालयमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थी बढि प्रभावित हुने गरेको पाइयो । यसरी विद्यालयमा हुने द्वन्द्वले विद्यालयको शैक्षिक गुणस्तरमा ह्रास आउने भएकोले विद्यालयसँग आवद्ध सम्पुर्ण व्यक्तिको आपसी सहयोगमा छलफल गरी उनीहरुका आवश्यकता पत्ता लगाई समयमै व्यवस्थापन  गरी शिक्षणलाई उद्देश्यमुखी र प्रभावकारी बनाउने प्रक्रियाकोसम्बन्धमा खोजी गरिएको पाइयो । विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्न विद्यालयमा छलफलका माध्यमबाट आफ्ना समस्या राख्न लगाई सबैको आपसी समन्वयका आधारमा व्यवस्थापन गर्ने गरेको पाइयो । विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्ने सन्दर्भमा शिक्षक शिक्षक बीचमा पनि समस्या समाधानमा सहयोगी भावनाको विकास हुने गरेको छ । विद्यालयमा सिर्जना हुने द्वन्द्वलाई विद्यालय प्रसासक र द्वन्द्वरत पक्षका बीचमा पनि समन्वय गरी सहयोगात्मक तरिकाले व्यवस्थापन गर्ने गरेको पाइयो । विद्यालयमा शिक्षकहरुमा सेवा, शर्त, सुविधा, मानसम्मान र सद्‌भावको कमिले गर्दा द्वन्द्वहुने भएकोले विद्यालयमा कार्यरत मानवस्रोतका लागी उचित पारिश्रमिकको व्यवस्था भएमा पनि विद्यालयमा द्वन्द्व व्यवस्थापन हुदो रहेछ । यसरी विद्यालयमा हुने द्वन्द्वलाई शिक्षक, प्रधानाध्यापक, विद्यार्थी र अभिभावकको आपसी सहयोग र समन्वयमा व्यवस्थापन हुने गरेको पाइयो ।

विद्यालयमा शिक्षकहरुमा सहकार्य हुन नसकेमा, भौतिक संरचनाको प्रयाप्त व्यवस्था नभएमा , शिक्षकको सङख्या विद्यार्थीको भन्दा कम भएमा तथा कक्षामा शिक्षणविधि र शैक्षिक सामग्रीको अभावले गर्दा विद्यालयमा द्वन्द्व सिर्जना हुदोरहेछ । यस्ता द्वन्द्वलाई विद्यालय प्रशासन र सरोकारवालापक्षको सहयोगमा व्यवस्थापन गर्ने गरेको पाइयो । विद्यालयमा सिर्जना भएका द्वन्द्वलाई व्यवस्थापन आपसी सहयोग र समन्यमा हुने गरेकोले यसले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्ने गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरुमा सहयोगको सम्बन्धको विकास, विद्यालयमा नियमितता, हुने गरेको देखियो । यसका साथै विद्यालयमा हुने द्वन्द्व विशेष गरी राजनीतिक दलको हस्तक्षेपबाट हुने गरेको

देखियो । यसकारण विद्यालयमा राजनीतिक दलको हस्तक्षेप विना नै द्वन्द्व व्यवस्थापन गरी विद्यालयको शैक्षिक गतिविधि सँञ्चालन हुने गरेको देखियो ।

विद्यालयमा द्वन्द्व निरन्तर चलिरहने भएकोले विद्यालयमा कार्यरत शिक्षक कर्मचारीका आवश्यकतालाई सम्वोधन गरी सबैको आपसी समन्वयमा द्वन्द्व व्यवस्थापन गर्ने प्रणालीको विकास गर्नुपर्ने हुन्छ । समग्रमा निष्कर्षको रुपमा भन्नुपर्दा सम्पुर्ण विद्यालयसँग सरोकार राख्ने सरोकारवाला पक्ष मिलेर विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन गरी अघि बढन सके शिक्षण सिकाइमा गुणस्तर विकास गर्न सकिने कुरा अध्ययनबाट प्रस्ट भयो ।

## ५.२ सुझावहरु

माद्यमिक विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिकामा गरिएको यस अध्ययनको आधारमा निकालिएको निष्कर्ष अनुसार भविष्यमा लिइनुपर्ने नीतिगत निर्णयहरु अभ्यास तहमा गरिनु पर्ने कार्यहरु र यस विषयमा थप ज्ञान हासिल गर्नेका निम्ति अनुसन्धान गरिने क्षेत्र एवं मुद्दाहरु देखिएकोले त्यस सम्बन्धमा तल चर्चा गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिकासम्बन्धी कार्याशाला गोष्ठि सञ्चालन गर्ने वातावरण मिलाउनु पर्दछ । विद्यालयमा हुने  द्वन्द्व व्यवस्थापनका लागी प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूका लागी द्वन्द्व व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था हुनपर्दछ भनेर नीति निर्माण गर्नु पर्ने देखिन्छ ।  साथै आगामी दिनमा विद्यालयमा हुने द्वन्द व्यवस्थापनमा सञ्चारले खेल्नु पर्ने भूमिका बारेमा समेत नीति नियम तय गरी सो अनुरूपको व्यवस्था सम्बन्धी नीतितय गर्नुपर्दछ ।

### ५.२.२ अभ्यास तह

अध्ययनको निष्कर्षको आधारमा विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न सबैका लागी आवश्यक पर्ने आवश्यकताको व्यवस्था जस्तै : सेवा सुविधा मान सम्मान  र सद्भाव एक अर्को प्रति कायम राख्नु आवश्यक छ । विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्नका लागी सबैसँग छलफल समन्वय र सहकार्य गरी गरिनु पर्दछ । विद्यालयमा समय मिलाएर शिक्षक प्रअ विव्यस अभभावक र माथिल्ला व्यक्तित्वहरुलाई सामेल गराएर विद्यालयमा तालिम प्राप्त व्यक्तिबाट द्वन्द्व व्यवस्थापन सम्बन्धि कार्याकाशाला  सञ्चालन गरिनु पर्दछ । समाधान

हुने किसिमको भए त्यसको समाधान गरिनु पर्दछ । यसका साथै विद्यालयसँग सरोकारवाला पक्षको आपसी समन्वय, सम्पर्क र छलफलबाट द्वन्द्व व्यवस्थापन प्रक्रिया अगाडी बढाउनु पर्दछ ।

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीका आवश्यकताको पनि व्यवस्था गरिनु पर्दछ । जसको माध्यमबाट विद्यालयसँग असन्तुष्टि भएका पक्षसँग संवादको माध्यमबाट मेलमिलापको वातावरण सिर्जना गरी  द्वन्द्व व्यवस्थापन गरिनुपर्दछ । विद्यालयमा शैक्षिक गुणस्तर विकास गर्न तथा प्रतिस्पर्धात्मक शिक्षा प्रदान गर्न विद्यालयले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य प्राप्त गर्न सकारात्मक द्वन्द्वलाई स्थापित र नकारात्मक द्वन्द्वलाई न्युनीकरण गर्न विद्यालय प्रशासन र व्यवस्थापन समितिले ध्यान पुऱ्याउनु पर्दछ । द्वन्द्व व्यवस्थापनको लागी व्यवस्थापनको कार्ययोजना बनाउने, संगठन गर्ने, निर्देशन गर्ने र नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी ढङ्गले अगाल्नु पर्दछ । संवादबाटै समस्याको समाधान खोज्नु पर्दछ । जसले द्वन्द्व व्यवस्थापनको लोकप्रिय माध्यम जित जितको तरिकाबाट उनीहरुमा समझदारीको विकास गर्दा द्वन्द्वरत पक्षलाई सन्तुष्ट गराउँनु पर्दछ । साथै विद्यालयमा प्रअ, शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिको सामुहिक सहयोगमा विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्न अभिमुखीकरण गर्नुपर्ने देखिन्छ । विद्यालयमा उत्पन्न हुने द्वन्द्वलाई सामान्यतया आन्तरिक रूपमा नै सहज तरिकाले हल व्यवस्था मिलायनु पर्द छ । यसमा यस विषयसँग सरोकार राख्ने व्यक्ति, संघसंस्थाहरूले हलको पहल गर्नुपर्ने हुनछ । कार्यान्वयनका सिलसिलमा उत्पन्न द्वन्द्वलाई सबैको रोहवरमा समानुपातिक तवरले कोहिकसैलाई पिर मर्का नपर्ने हिसावले समाधानको बाटो रोज्ने गर्नुपर्दछ ।

## ५.२.३ अनुसन्धान तह

माध्यमिक विद्यालयमा द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका विषयमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । विद्यालयमा समुदाय र विद्यालयबीच   द्वन्द्व प्रअको आर्थिक अनियमितताले गर्दा विद्यालयमा हुने द्वन्द्व, भाषिक र जातीय विभेदका कारण विद्यालयमा हुने द्वन्द्व तथा विद्यालयमा हुने लैङ्गिक विभेद र आर्थिक, सामाजिक र राजनीतिक दलको हस्तक्षेपले विद्यालयमा निम्त्याउँने द्वन्द्वका सम्बन्धमा पनि थप अनुसन्धान आवश्यक देखिन्छ । साथै विद्यालयमा हुने द्वन्द्वले शैक्षिक गुणस्तरमा कस्तोप्रभाव पार्ने गरेको छ, विद्यालयमा कार्यरत शिक्षकहरुमा हुने अन्तरद्वन्द्वका सम्बन्धमा पनि  अनुसन्धान हुनु  आवश्यक छ ।

विद्यालयमा शिक्षकहरुमा  विषयगत समस्यालाई लिएर किन द्वन्द्व सिर्जना हुने गर्दछ आदि चुनौति तथा मुद्दाहरुमा केन्द्रित भई विद्यालयमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।  साथै आगमी दिनमा विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका विषयक शीर्षकमा शोध अनुसन्धान गर्ने विभिन्न व्यक्ति, संघ, संस्थाहरूलाई यो शोध एउटा सन्दर्भ सामग्रीको रूपमा रहने छ साथै आगमि दिनमा यासता विषयमा हुने द्वन्द्वहरूलाई न्यूनीकरण गर्न खेल्नु पर्ने भूमिका सम्बन्धमा समेत थप अध्ययन अनुसन्धान हुन आवश्यका छ ।

# सन्दर्भ सामग्री

उप्रेति, विष्णुराज (२०६१),*द्वन्द्व व्यवस्थापनका सिद्दान्त र विधी,* काठमाडौ : जलन पुस्तक पशल वागवजार ।

के.सी,.रीता (२०६४), *द्वन्द्व व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका,* अप्रकाशित कृति शिक्षा योजना तथा व्यवस्थापन विभाग, सुर्खेत क्याम्पस शिक्षा, सुर्खेत ।

श्रेष्ठ, र कोइराला (२०६८), *शैक्षिक संगठन र संगठनात्मक व्यवहार,* काठमाडौ : विद्यार्थी पुस्तक पसल कीर्तिपुर ।

चन्द ,मानबहादुर (२०६३), *संस्थागत माद्यमिक विद्यालयमा द्वन्द्व व्यवस्थापन,,* अप्रकाशित कृति विश्वविद्यालय क्याम्पस कीर्तिपुर काठमाडौ ।

उप्रेती, तोमनाथ (२०६४), *शिक्षा शैक्षिक पत्रिका,* शिक्षा विभाग, सानोठिमी भक्तपुर । विभाग, सानोठिमी भक्तपुर ।

ढकाल, माधवप्रसाद (२०६३), *शिक्षाका आधारहरू,* काठमाडौः  रत्न पुस्तक भण्डार ।

थापा, ताराबहादुर (२०६८), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* , काठमाडौ : सनलाईट पब्लिकेशन ।

भट्ट, दीपकराज (२०६१), *उच्च माद्यमिक विद्यालयमा द्वन्द्व व्यवस्थापन* : कन्चनपुर अप्रकासित कृति, जनज्योति वहुमुखी क्याम्पस महेन्द्रनगर ।

पन्त, शान्ति (२०६४) *सोपान  मासिक :* काठमाडौ डिल्लीवजार ।

शर्मा, दुर्गानिधि (२०६५), *सोपान  मासिक* : काठमाडौ डिल्लीवजार ।

मिश्र, महेन्दमणी (२०६६), *मावितहको शैक्षिक उपलब्धीलाई सशस्त्र द्वन्द्वले पारेको प्रभाव सुर्खेत* अप्रकाशित,सोधपत्र सुर्खेत क्याम्पस शिक्षा ।

श्रेष्ठ, केदारनाथ (२०५८), *काठमाडौ जिल्लाका माद्यमिक विद्यालयको शैक्षिक व्यवस्थापन,* अप्रकाशित सोधपत्र, शिक्षा योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल काठमाडौ ।

निउरे, धुव्रप्रसाद (२०६८),*अनुसन्धान पद्दति, काठमाडौ : क्वेट पब्लिकेसन, कीर्तिपुर* ।

शीवाकोटी, गोपाल (२०६८), *द्वन्द्व शान्ति र विकास, काठमाडौ :* पैरवी प्रकाशन काठमाडौ ।

भट्ट, दीर्घराज, (२०६०) *विद्यालय छोडाइमा सामाजिक साँस्कृतिक प्रभाव,* अप्रकाशित सोधपत्र, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर काठमाडौ ।

भण्डारी, मनोज (२०७०), *विद्यालयमा द्वन्द्व व्यवस्थापन,* EPMAN JOURNAL , शिक्षा योजना तथा व्यवस्थापन समाज , विश्वविद्यालय क्याम्पस कीर्तिपुर, काठमाडौ ।

भण्डारी, मनोज (२०६६), *विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका,* अप्रकाशित सोधपत्र विश्वविद्यालय क्याम्पस, कीर्तिपुर काठमाडौ ।

माथेमा, सुशिलभक्त र भट्टराई, मनोज (२०६६), *संगठनात्मक व्यवहार,* काठमाडौ : धौलागिरी बुक्स पुतलीसडक

सुवेदी, कृष्णप्रसाद र भट्टराई, श्यामकुमार (२०६६), *सार्वजनिक प्रशासन र व्यवस्थापन,* काठमाडौ : सोपान मासिकै डिल्लीवजार ।

खनाल, राजन (२०६६), *सार्वजनिक प्रसाशनका समसामयिक वहस,* काठमाडौ : सोपान मासिक डिल्लीवजार ।

भट्टराई, श्यामकुमार (२०६२), *सार्वजनिक प्रशासनका समकालिन चुनौतिहरु,* काठमाडौ, सोपान मासिक ।

खनाल, पेशल (२०६८), अनुसन्धान पद्दति, काठमाडौ : सनलाईट पब्लिकेशन, कीर्तिपुर ।

राउत कृष्णवहादुर,(२०६८), प्रशासन व्यवस्थापन र विकास, काठमाडौ : आशिष वुक्स हाउस बागवजार ।

# विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका

## अनुसूची १

## नमूनामा संलग्न व्यक्तिहरू

| क.सं. | प्रधानाध्यापकहरू | विद्यालयहरू | कैफियत |
|---|---|---|---|
| १. | रमेशकुमार श्रेष्ठ | श्री शान्ति माध्यमिक विद्यालय तेल्लोक | |
| २. | उदयकुमार श्रेष्ठ | श्री सिंहेश्वरी माध्यमिक विद्यालय मुढेशनिश्चरे | |

| क.सं. | व्यवस्थापन समितिका पदाधिकारीहरू | विद्यालयहरू | कैफियत |
|---|---|---|---|
| १. | रामबहादुर खड्का | श्री शान्ति माध्यमिक विद्यालय तेल्लोक | |
| २. | ऋषिकेशव चापागाई | श्री सिंहेश्वरी माध्यमिक विद्यालय मुढेशनिश्चरे | |

| क.सं. | शिक्षकहरू | विद्यालयहरू | कैफियत |
|---|---|---|---|
| १. | अर्जुन राई | श्री शान्ति माध्यमिक विद्यालय तेल्लोक | |
| २. | कृष्णकुमारी फुयाल | श्री शान्ति माध्यमिक विद्यालय तेल्लोक | |
| ३. | लाखबहादुर पौडेल | श्री सिंहेश्वरी माध्यमिक विद्यालय मुढेशनिश्चरे | |
| ४. | देवीमाया चापागाई | श्री सिंहेश्वरी माध्यमिक विद्यालय मुढेशनिश्चरे | |

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयहरू | कक्षा | लिङ्ग | कै. |
|---|---|---|---|---|---|
| १. | गिरीराज कार्की | शान्ति मावि तेल्लोक | १० | पु | |
| २. | मनकुमार सुनुवार | शान्ति मावि तेल्लोक | १० | पु | |
| ३. | पवित्रा भण्डारी | शान्ति मावि तेल्लोक | १० | म | |
| ४. | सुरेश जिमी | शान्ति मावि तेल्लोक | ९ | पु | |
| ५. | तारा राई | शान्ति मावि तेल्लोक | ९ | म | |
| ६. | विवेक खड्का | सिंहेश्वरी मावि मुढेशनिश्चरे | ९ | पु | |
| ७. | पेम्वा शेर्पा | सिंहेश्वरी मावि मुढेशनिश्चरे | ९ | पु | |
| ८. | लाक्पा डोमा तामाङ | सिंहेश्वरी मावि मुढेशनिश्चरे | १० | म | |
| ९. | डिम्छिकी शेर्पा | सिंहेश्वरी मावि मुढेशनिश्चरे | १० | म | |
| १०. | धनकुमारी अधिकारी | सिंहेश्वरी मावि मुढेशनिश्चरे | १० | म | |

# विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका

## अनुसूची २

## प्रधानाध्यापकका लागी अन्तर्वार्ता प्रश्नावली

**प्रधानाध्यापकको नाम :** **मिति :**

**विद्यालय :** **शैक्षिक योग्यता :**

ठेगाना :

---

१ तपाईले विद्यालयमा हुने द्वन्द्वलाई कसरी लिनुभएको छ ?

...................................................................

२ विद्यालयमा कस कसका बीचमा बढि द्वन्द्व हुने गरेको पाईन्छ । र किन ?

...........................................................................................

३ विद्यालयमा सबैभन्दा बढि द्वन्द्व निम्त्याउने कारणहरु के के हुनसक्छन ?

........................................................................................

४ विद्यालयमा द्वन्द्व व्यवस्थापन हुन नसक्दा यसको शिक्षणमा कस्तो असर पर्ला ?

................................................................................................

५. तपाईको विद्यालयमा सवैभन्दा बढि द्वन्द्व शिक्षक विद्यार्थी अभिभावक, तथा प्रधानाध्यापकमध्ये कसका बीचमा हुने गरेको छ ?

...........................................................................................................

६. विद्यालयमा शिक्षक दरबन्दि कम हुदा पनि विद्यालयमा द्वन्द्व हन्छ भनिन्छ यसमा तपाईलाई के लाग्छ ?

................................................................................................

७. विद्यालयमा आउने गरेका द्वन्द्वलाई व्यवस्थापन गर्न कुन कुन पक्रिया अवलम्वन गर्नुहुन्छ ? ।

...............................................................................................

८. यस विद्यालयमा कस्ता द्वन्द्व विद्यमान छन् ?यसले विद्यालयमा कस्तो प्रभाव पारेको पाउनु भएको छ ?

.......................................................................................................

९. तपाईको विचारमा यस विद्यालयमा द्वन्द्व के कारणले उत्पन्न हुन्छ होला ?

..............................................................................................

१०. विद्यालय परिवारका सदस्यहरुको व्यक्तिगत कारणले पनि विद्यालयमा द्वन्द्वको वातावरण सिर्जना हुन्छ भनिन्छ कसरी ?

**विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका**

## अनुसूची ३

शिक्षकहरुका निम्ति अन्तर्वार्ता अनुसूची

**शिक्षकको नाम :** **मिति :**

**विद्यालयको नाम :** **शैक्षिक योग्यता :**

**ठेगाना :**

---

१. तपाईले विद्यालयमा आउने द्वन्द्वलाई कसरी लिनुभएको छ ?

............................................................

२. तपाईका विद्यालयमा द्वन्द्व क-कसका बीचमा हुने गरेका छन् त ?

...........................................................................

३. विद्यालयमा द्वन्द्व व्यवस्थापन हुन नसक्दा यसको शिक्षणमा प्रभाव कस्तो पर्ला ?

.......................................................................................

४ तपाईले यस विद्यालयमा आउने द्वन्द्वलाई शिक्षकको नाताले कसरी व्यवस्थापन गर्नुहुन्छ त ?

...............................................................................................

५. विद्यालयमा द्वन्द्व आउनका मुख्य कारणहरु के के हुन सक्छन त ?

.........................................................................

६. तपाईले द्वन्द्व व्यवस्थापन गर्दा कस्ता प्रकारका कठिनाइहरु झेल्नु परेको छ ?

...............................................................................

७. तपाईंको विचारमा द्वन्द्व व्यवस्थापन गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रियाहरु के के हुन सक्छन् ?

................................................................................................

८. विद्यालयमा द्वन्द्वको समस्या आउनुमा सबैभन्दा बढि कसलाई जिम्वेवारी ठान्नु हुन्छ ?

..............................................................................................

९. विद्यालयमा देखिने द्वन्द्व व्यवस्थापनका लागि तपाईका सुझावहरु के के छन ?

..................................................................................

१०. सामुदायिक विद्यालयमा शिक्षकहरु पनि स्थायी, अस्थायी, राहत र निजीस्रोत गरी विभिन्न श्रेणीमा विभाजन गरी सेवा सुविधामा गरिने भेदभाव गर्नाले पनि विद्यालयमा द्वन्द्व उत्पन्न भनिन्छ । के यो साँचो हो त ?

..........................................................................................

११. तपाईले विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन र सिकाइबीचको सम्बन्ध कस्तो पाउनु भएको छ ?

..........................................................................................

१२ विद्यालयमा विद्यालय व्यवस्थापन समितिको एकतर्फि निर्णयले गर्दा पनि द्वन्द्व व्यवस्थापनमा समस्या देखिन्छ के यो साँचो हो ?

..........................................................................................

# विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका

## अनुसूची ४

विव्यस/ प्रतिनिधिको निम्ति अन्तर्वार्ता प्रश्नावली

**अध्यक्षको नाम :** **मिति :**

**विद्यालयको नाम :** **शैक्षिक योग्यता :**

**ठेगाना :**

---

१. विद्यालयमा शैक्षिक द्वन्द्वलाई कसरी लिनुभएको छ त ?

.........................................................................

२. तपाईको विद्यालयमा के के मा मनमुटाव हुन्छ त ?

..............................................................

३. यस विद्यालयमा सवैभन्दा बढि द्वन्द्व हुने क्षेत्र कुन हो र किन ?

.............................................................................

४. विद्यालयमा कार्यरत शिक्षकहरु विभिन्न राजनीतिक संघ संगठनमा आवद्ध रहेकाले विद्यालयमा द्वन्द्व सिर्जना हुन्छ भनिन्छ । यसमा तपाईको विचार के छ ?

....................................................................................................

५. तपाईलाई विद्यालयमा शिक्षक/कर्मचारी नियुक्ति गर्दा राम्रो भन्दा हाम्रो मान्छे भन्ने परिपाटीले विद्यालयमा ल्याएका समस्या के के छन जस्तो लाग्छ ?

...............................................................................................

६. तपाईको विद्यालयमा उत्पन्न हुने द्वन्दलाई कुन प्रक्रिया अवलम्बन गरी व्यवस्थापन गरिएको छ ?

.........................................................................................................

७. विद्यालयमा विव्यस र शिक्षक बीचमा कस्ता कस्ता प्रकारका द्वन्द्व हुने गरेका छन् ?

............................................................................................................

८. विद्यालयमा आउने द्वन्द्व व्यवस्थापनका लागी तपाईका सुभावहरु के के छन् ?

...........................................................................................

९. शिक्षणलाई गुणस्तरीय बनाउन द्वन्द्व व्यवस्थापन कसरी गर्दा उपयुक्त होला ?

.......................................................................................

१०. विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्दा अवलम्बन गर्ने प्रक्रियाहरु के के हुन ?

.......................................................................................

११. विद्यालयमा आउने द्वन्द्वलाई व्यवस्थापन गर्दा यसको प्रभाव शैक्षिक वातावरणमा कस्तो पर्ला ?

....................................................................................................

१२. विद्यालयमा द्वन्द्व व्यवस्थापन उपयुक्त तरिकाले गरिएमा यसले शिक्षण सिकाइमा कस्तो वातावरण निर्माण गर्न सक्ला ?

.......................................................................................

## विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका

## अनुसूची ५

अभिभावकहरूसँग गरिएको सामुहिक छलफलका लागी प्रश्नावली

**अभिभावकको नाम :** **मिति :**

**विद्यालयको नाम :** **शैक्षिक योग्यता :**

**ठेगाना :**

---

१. विद्यालयमा उत्पन्न हुने द्वन्द्वलाई तपाईले कसरी लिनुभएको छ ?

२. विद्यालयमा क-कसका बीचमा विशेष गरी कुन विषयमा मनमुटाव हुने गरेको देख्नु हुन्छ त ?

३. तपाई अभिभावकको नाताले समुदायको रीतिरिवाज परम्परा, मुल्य मान्यताले पनि विद्यालयमा द्वन्द्व बढाउन सहयोग गर्छ भनिन्छ यसमा तपाईको के प्रतिक्रिया छ ?

४. सामुदायिक विद्यालयमा सेवासुविधाको असमान वितरणलाई पनि द्वन्द्वको कारणको रुपमा लिइन्छ भनिन्छ ? तपाईलाई यसमा के लाग्छ ?

५ तपाई एउटा अभिभावकको नाताले पेशागत संघ संगठनलाई पनि विद्यालयमा हुने द्वन्द्वको कारण मान्न सकिन्छ भनिन्छ। यसमा तपाइलाई के लाग्छ ?

६. विद्यालयमा द्वन्द्व व्यवस्थापनले शिक्षण सिकाइमा कस्तो प्रभाव पार्दछ ?

७. शिक्षण सिकाइमा द्वन्द व्यवस्थापनले सिकाइलाई कसरी सहयोग गर्दछ ?

८. विद्यालयमा हुने द्वन्द्व व्यवस्थापनले शिक्षण सिकाइलाई गुणस्तरीय बनाउन कसरी सहयोग पुचाउछ ?

९. तपाईलाई विद्यालयमा द्वन्द्वलाई व्यवस्थित गरी सिकाइलाई उद्धेश्यमुखी बनाउँन के गर्नु पर्ला जस्तो लाग्छ ?

१०. विद्यालयमा उत्पन्न हुने द्वन्द्वलाई समयमै व्यवस्थापन गर्न नसके यसले सिकाइमा कस्तो प्रभाव पर्ला ?

११. विद्यालयमा द्वन्द्व व्यवस्थापन गरी सिकाइलाई उद्धेश्यमुखी बनाउन तपाईको भूमिका के ?

# विद्यालयको द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका

## अनुसूची ६

विद्यार्थीहरुका निम्ति अन्तर्वार्ता / छलफलका लागी प्रश्नावली

**विद्यार्थीको नाम :** **मिति :**

**विद्यालयको नाम :** **कक्षा :**

**ठेगाना :**

१. तपाईको विचारमा द्वन्द्वलाई कसरी लिनुभएको छ ?

..........................................................

२. वर्तमान अवस्थामा तपाईंको विद्यालयमा कस्ता प्रकारका द्वन्द्व विद्यमान छन् ?

...............................................................................................

३. तपाईको विद्यालयमा क-कसका बीचमा बढि द्वन्द्व हुने गरेको छ र किन ?

............................................................................................

४ विद्यालयमा द्वन्द्व आउनुका मुख्य कारणहरु के के हुन जस्तो लाग्छ तपाईलाई ?

...............................................................................................

५. विद्यालयमा विद्यार्थी -विद्यार्थी बीचमा पनि द्वन्द्व हुन्छ भनिन्छ के ती सबै द्वन्द्वको बारेमा तपाइलाई थाहा छ ?

..........................................................................................................

६. विद्यालयमा विद्यार्थी प्रअ शिक्षक तथा विद्यार्थीका बीचमा पनि द्वन्द्व हुन्छ भनिन्छ ती कारणहरु के के हुन जस्तो लाग्छ ?

.....................................................................................................

७. विद्यालयमा विद्यार्थी-विद्यार्थी बीच उत्पन्न द्वन्द्वलाई कसरी लिनुभएको छ र यसलाई व्यवस्थापन गर्ने गर्नु भएको छ ? यसमा विद्यार्थीको भूमिका के ?

.........................................................................................................

८. विद्यालयमा आउने द्वन्द्वलाई व्यवस्थापन गर्ने प्रक्रियाहरु के के हुन ?

.................................................................................

९. विद्यालयमा द्वन्द्व व्यवस्थापन र सिकाइबीचको सम्बन्ध कस्तो रहेको छ ?

...........................................................................................

१०. विद्यालयमा चलिरहने द्वन्द्वमध्ये कुन तथा कस्तो प्रकारको द्वन्द्वले तपाईको सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ ?

११. विद्यालयमा द्वन्द्व व्यवस्थापनमा विद्यार्थीको भूमिका के-के हुन सक्छ ?

..........................................................................

१२. तपाईको विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्दा अवलम्बन गर्ने प्रक्रियाहरु के के हुन ?

..........................................................................................

१३. द्वन्द्व व्यवस्थापन प्रक्रियाले विद्यालयमा शिक्षण सिकाइमा कस्तो वातावरण निर्माण गरेको छ ? यसमा तपाईलाई के लाग्छ ?

..........................................................................................